मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

अरुले आएर देश बनाइदिन्न
हामी सबै मिलेर विकास गर्नुपर्छ



पृष्ठ २ मा

वर्ष ३ • अंक १५७ • २०८२ साल वैशाख ०८ गते सोमबार • Monday 21, April 2025 • सूर्योदय: बिहान ५:३६ बजे • सूर्यास्त: साँझ ६:३२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## शिक्षक आन्दोलित हुँदा पनि भर्ना अभियान चलाउन सबै स्थानीय सरकार तयार



मधेशदृष्टि
वीरगंज ।
शिक्षकको काठमाडौँ केन्द्रित आन्दोलनबाट विद्यार्थी भर्ना अभियान प्रभावित हुन नदिन पर्सास्थित १४ वटै पालिकाका प्रमुख सक्रिय भएका छन् । सरकारले वैशाख २ देखि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान चलाउने भने पनि शिक्षक आन्दोलनका कारण प्रभावित हुन पुगेकाले अबदेखि प्रभावित हुन नदिन वैशाख ८ गतेदेखि १५ गतेसम्म जिल्लाभर भर्ना अभियान सञ्चालन गराउन पर्साका सबै पालिका प्रमुख एकमत भएका छन् ।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको कार्यकक्षमा आइतबार बसेको पर्सास्थित पालिका प्रमुखहरूको बैठकले तत्काल भर्ना अभियान चलाउन सम्बन्धित पालिकाका विद्यालयलाई निर्देशन दिने निर्णय गरेको छ । जस्तोसुकै आपत् विपत र सङ्कटको अवस्थामा समेत विद्यार्थीहरूको सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्नु पर्नेमा शिक्षकहरू विद्यालय नै बन्द गरेर आन्दोलनमा उत्रिँदा विद्यार्थीको पठनपाठन वञ्चित हुने भएकाले भर्ना अभियान यथाशीघ्र अघि बढाउन पालिका प्रमुखहरू नै सक्रिय हुनु परेको हो ।

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले विद्यालयमा ताला लागेर विद्यार्थी पठनपाठनबाट वञ्चित भएको हेरेर बस्न उचित नभएको भन्दै तत्काल भर्ना अभियानलाई अघि बढाएर पठनपाठन शुरु गराउन आवश्यक रहेको बताए । उनले शिक्षकहरूले आफ्ना माग राख्न पाउने अधिकार भए पनि विद्यार्थीको पठनपाठन रोक्नु जायज नभएको बताउँदै आन्दोलनलाई उनीहरूले रचनात्मक बनाउन जरुरी रहेको बताए ।

यस्तै, जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादवले शिक्षकहरूले संविधानविपरीतका केही मागहरू पनि अघि सारेको भन्दै ती माग बाहेक उनीहरूको आन्दोलनप्रति आफूहरूको समर्थन रहने पनि स्पष्ट पारे । बैठकमा ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले शिक्षकको आन्दोलनका कारण विद्यार्थी पठनपाठनबाट वञ्चित भए पनि अपजस आफूहरूलाई नै आउने भएकाले अहिले नै सचेत भएर विद्यालय सञ्चालन गर्ने उपाय खोज्न जरुरी रहेको बताए ।

नेपालको संविधानले समेत आधारभूत र माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई दिएकाले त्यसको प्रभावकारी कार्यान्वयनका लागि विद्यार्थी भर्ना अभियान कार्यक्रम घरघरमा पुग्ने गरी सञ्चालन गराउन सबै पालिका प्रमुखहरू एक भएको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताए । विद्यालय शान्ति क्षेत्र घोषणा गरेर त्यहीअनुरुप कार्य हुँदै आएकामा यसको प्रमुख कार्यान्वयनकर्ता नै विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिनु जायज नभएको उनले बताए । आन्दोलनका कार्यक्रम परिमार्जन गरी विद्यालय सञ्चालन हुने वातावरण बनाउन आग्रह गर्दै उनले सामुदायिक विद्यालय विद्यार्थीविहीन हुने अवस्था आउन नदिन ख्याल गर्न सम्बन्धित सबैलाई सचेत गराए ।

बैठकमा जिल्ला शिक्षा समन्वय इकाईका प्रमुख हरि राउतले काठमाडौँ केन्द्रित शिक्षकहरूको आन्दोलनमा प्रतिनिधिमूलक शिक्षकहरू मात्रै अहिले पनि उपस्थिति भइरहेको र ६० प्रतिशत भन्दा बढी शिक्षकहरू गाउँघरमै रहेकाले उनीहरू आफै जिम्मेवार भएर विद्यालय सञ्चालन गर्नु पर्ने बताए ।

बैठकमा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक, पोखरीका नगरपालिकाका प्रमुख प्रधुम्न चौहान, बहुदरमाई नगरपालिकाका प्रमुख सिंगासन सा तेली, छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार, जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादव, ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठ, विन्दवासिनी गाउँपालिकाकी उपाध्यक्ष ज्योति देवी चौरसिया, जिल्ला शिक्षा समन्वय इकाईका प्रमुख हरि राउत लगायत पालिकाका शिक्षा प्रमुखको उपस्थिति थियो ।

## गंगासागरको डिलमा भइरहेको निर्माण रोक्न आदेश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको गंगासागरको डिलमा निर्माण भइरहेको निर्माण कार्य रोक्न उच्च अदालत जनकपुरले अन्तरिम आदेश दिएको छ । न्यायाधीश राजुराम सिलवालको एकल इजलासले महेन्द्र प्रसाद साहले जिल्ला प्रशासन कार्यालय धनुषा समेतलाई विपक्षी बनाई दायर गरेको उत्प्रेषण मुद्दामा आइतबार उच्चले भवन निर्माण गर्ने कार्य तत्काल अगाडि बढाउने कार्य नगर्न नगराउन, निर्माण कार्य शुरु गरेको भए यथास्थितिमा राख्न भनी विपक्षीका नाममा उच्च अदालत नियमावली २०७३ को दफा ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरेको हो ।

प्रस्तुत निवेदनसहितको मिसिल संलग्न कागजात अध्यापन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता रामनेक साह, मुकेश कुमार कार्की र प्रकाश कुमार घिमिरे र विद्वान अधिवक्ताहरु राहुल कुमार झा, रामसागर साह र राकेश कुमार साहले गरेको बहस सुनियो, यसमा, के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत खुलाई बाटाका म्याद आहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी मध्येका १४, १५, १६ र १७ ले उच्च सरकारी वकिल कार्यालय जनकपुरमार्फत तथा अन्य विपक्षीले आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्न यो आदेश र निवेदनपत्रको प्रमाणित प्रतिलिपी साथै राखी विपक्षीका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि भुक्तान भएपछि नियमानुसार पेश गर्नुहोला,' आदेशमा भनिएको छ ।

गंगासागर पोखरीको डिलसँग जोडिएको गुठी तैनाथी जग्गामा रहेको पोखरी र डिलको यकिन नगरी कुनै पनि निर्माण कार्य नगर्नु भनी गुठी संस्था शाखा कार्यालय जनकपुरबाट विपक्षी रामनारायण मिश्र स्मारक समितिलाई पत्राचार भएको भन्ने निवेदकले पेश गरेको मिसिल, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौँबाट जारी भएको शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७५ मा भवन निर्माण गर्दा सम्पदा क्षेत्रमा रहेको सार्वजनिक पोखरी जलासयको डिलबाट ५ मिटर छाड़ी भवन निर्माण गर्नुपर्ने भन्ने उल्लेख गरेको परिप्रेक्ष्यमा निवेदकले निवेदनमा उल्लेख गरेको गंगासागर पोखरी डिलबाट मापदण्ड बमोजिम छाड्नुपर्ने ५ मिटर जग्गा समेत नछाडी विपक्षीले कुनै पनि निर्माण कार्य गर्दा सार्वजनिक सम्पदा समेतलाई तत्काल अपुरणीय क्षति पुग्न सक्ने देखिँदा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म २०७९ फागुन ४ गतेको जनकपुरधाम उपमहानगरपालिकाबाट भएको नक्सा तथा सोअनुसारको भवन निर्माण इजाजतअनुसार भवन निर्माण गर्ने कार्य तत्काल अगाडि नबढाउन आदेश दिएको हो ।

रामनारायण मिश्र स्मृति स्मारक समितिले मधेश प्रदेश सरकारको ५ करोड ७४ लाख ९६ हजार रुपैयाँ सहयोगमा केही सातासम्म सडकको रुपमा प्रयोग भइरहेको जग्गामा शालिक निर्माण गरिरहेको छ । शालिक निर्माणले ऐतिहासिक संरचना मास्ने भन्दै स्थानीयले विरोध गर्दै धर्नासमेत दिएका छन् । व्यक्तिका नाममा रहेको जग्गालाई रामनारायण मिश्र स्मृति स्मारक समितिका नाममा नामसारी गरेर जनकपुरधाम उपमहानगरपालिकाबाट नक्सापास गराइएको थियो । दुई वर्षअघि सम्झौता भए पनि स्थानीयको विरोधका कारण गतवर्ष काम हुन सकेको थिएन ।

पूर्वाधार विकास कार्यालय धनुषाको अनुसार साढे दुई तल्ले भवन बनिरहेको निर्माणको ठेक्का कर्मा बाबा जेभी निर्माण कम्पनीले पाएको छ ।

## जानकी नवमीमा राष्ट्रिय बिदा माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रामानन्दीय श्री वैष्णव संघले जानकी नवमीका अवसरमा राष्ट्रिय बिदा दिनुपर्ने सरकारका माग गरेको छ । संघले पत्रकार सम्मेलन गरेर सीता मिथिलाको छोरी र नेपालका विभूति रहेको कारणले उनको सम्मान र पर्वलाई अझ उचाईमा पुर्याउन बिदा दिनुपर्ने माग गरेका छन् । राष्ट्रिय बिदा घोषणा गर्नुपर्ने मागसहित जनकपुरधामस्थित रामानन्दीय वैष्णव संघले धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीया मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।

संघका अध्यक्ष रामरोशन दास वैष्णवको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले ज्ञापनपत्र बुझाउँदै जनकपुरधामको सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्वलाई दृष्टिगत गर्दै वैशाख २३ गते पर्ने जानकी नवमीको दिनलाई राष्ट्रिय विदाको रूपमा मान्यता दिनुपर्ने आग्रह गरेका छन् ।

ज्ञापनपत्रमा उल्लेख गरिएअनुसार जानकी माता केवल मिथिलाको गौरव मात्र नभई सम्पूर्ण हिन्दू सभ्यताकी श्रद्धास्थान हुन् । उनको जीवनदर्शनले नारीशक्तिको धैर्य, समर्पण, आदर्श र आत्मबललाई उजागर गर्दै आएको भन्दै मातृशक्तिप्रति राष्ट्रको सम्मानस्वरूप सार्वजनिक बिदा दिइनु समयानुकूल र न्यायोचित हुने उल्लेख छ ।**मधेशदृष्टि**

## जनमतका कोषाध्यक्ष यादव पक्राउ



**राजविराज ।**
जनमत पार्टीका केन्द्रीय कोषाध्यक्ष सुरेन्द्र नारायण यादव पक्राउ परेका छन् । उनलाई सप्तरी प्रहरीले आइतबार राजविराज बजार क्षेत्रबाट पक्राउ गरेको हो । प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले पक्राउ गरिएको पुष्टि गर्दै उनलाई सोमबार ललितपुर जिल्ला प्रहरी परिसर पठाइने जानकारी दिएका छन् ।

उनले भने, 'राजविराजबाट पक्राउ परेका हौँ, उनीविरुद्ध ललितपुर जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको रहेछ ।' जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले यादवविरुद्ध ललितपुर जिल्ला प्रहरी कार्यालयमा ठगी तथा आपराधिक विश्वासघातको कसुरमा जाहेरी दर्ता भएको जानकारी दिए । जाहेरी दर्ता पश्चात् ललितपुर जिल्ला अदालतबाट पक्राउ पुर्जी समेत जारी भएकाले उनलाई पक्राउ गरिएको उनको भनाइ छ ।

## काउन्सिलमा उपाध्याय प्राधिकरणमा खड्ग





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले मिडिया काउन्सिलको अध्यक्षमा कमल उपाध्याय र आमसञ्चार प्राधिकरणको अध्यक्षमा जितेन्द्र खडगलाई नियुक्त गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो ।

प्रदेशका गृहमन्त्री राजकुमार लेखीले अध्यक्षहरूको कार्यकाल समाप्त भएदेखि रिक्त रहेका यी निकायमा नियुक्ति गरिएको बताए । काउन्सिल अध्यक्ष उपाध्याय बाराका हुन् । सप्तरीका खडग प्रविधि, सूचना सञ्चार प्रवाह र डिजिटल माध्यमहरूको विकासमा सक्रिय छन् ।

# वार्षिकोत्सवमा रक्तदान र प्रभातफेरी




**मधेशदृष्टि**
**राजविराज ।**
सिटिजन इन्टरनेश्नल बैंकले १८ औँ वार्षिकोत्सवमा रक्तदान र प्रभातफेरी गरेको छ । बैंकले आइतबार सदरमुकाम राजविराजमा रक्तदान तथा प्रभातफेरी गरेको हो ।

बैंकको सप्तरीका विभिन्न पालिकाका ७ तथा सिरहाको लहान शाखा गरी ८ शाखाका कर्मचारीको सहभागितामा नगरक्षेत्रमा प्रभातफेरी गरिएको थियो । त्यसपछि बैंक परिसरमा नेपाल रेडक्रस सोसाईटी शाखा सप्तरीद्वारा सञ्चालित रक्तसंचार सेवा केन्द्रका प्रतिनिधिको सहयोगमा रक्तदान कार्यक्रम गरिएको थियो ।

बैंकका क्लस्टर प्रमुख प्रकाश




नेपाल, राजविराज शाखाका प्रबन्धक राजकुमार यादव, अमिर रहमान, रजनीश यादव, प्रशान्त देव, आशुतोष झा, अमन दास, राघव पोखरेल, अमन दासलगायत दुई दर्जन बढी कर्मचारीले रक्तदान गरेका छन् ।

बैंङ्का राजविराज शाखा प्रबन्धक राजकुमार यादवले रक्त संचार सेवा केन्द्रमा रगतको अभाव भइरहेका बेला समाजिक उत्तरदायित्वअन्तर्गत वार्षिकोत्सवमा रक्तदान कार्यक्रम रोजेको बताए । गर्मी बढेसँगै रगतको अभाव भइरहेका बेला बैंकका कर्मचारीले रक्तदान कार्यक्रम गर्दा बिरामीसँगै रक्तसेवा संचार केन्द्रलाई पनि सहज भएको केन्द्रका इन्चार्ज नवीन झाले बताए ।

# राजयोगिनी डा.रत्नमोहन दादीप्रति श्रद्धाञ्जली सभा



**मधेशदृष्टि**
**राजविराज ।**
प्रजापिता ब्रह्माकुमारी इश्वरीय विश्वविद्यालय माउन्टआबु राजस्थान (भारत) का प्रमुख डा.रत्नमोहनी दादीको निधनले उनका अनुयायीहरुमा शोक छाएको छ ।

एक सय ४ वर्षीया डा.रत्नमोहनी दादीको एक साताअघि उपचारक्रममा मृत्यु भएपछि उनका अनुयायी शोकमा डुबेका हुन् । आइतबार राजयोग सेवा केन्द्र क्षेत्रीय कार्यालय राजविराजद्वारा गरिएको उनको श्रद्धाञ्जली सभाका अधिकांश वक्ताले अध्यात्म, समाज कल्याण र महिला सशक्तिकरणका क्षेत्रमा डा.रत्नमोहनी दादीको अमुल्य योगदान रहेको चर्चा गर्दै उनको निधनले एउटा जिम्मेवार अभिभावक गुमाएको अनुभूति भइरहेको सुनाए ।

ब्रह्माकुमारी राजसंस्थानको मुख्य प्रशासकीय एवम् राजयोगिनी डा.रत्नमोहनीको निधनले समाजलाई ठूलो क्षति भएको भन्दै सहभागी वक्ताहरुले समाजलाई अध्यात्मको बाटोमा लैजान अमुल्य योगदान दिएकी उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए । केन्द्रकी मुख्य सञ्चालिका भगवती दिदीको अध्यक्षता तथा मधेश कृषि विश्वविद्यालयका रजिस्टार डा.भगवान ठाकुरको प्रमुख आतिथ्यमा आयोजित श्रद्धाञ्जली सभामा समाजसेवी हरेकृष्ण प्रसाद सिंह, डा.मुरली प्रसाद सिंह, प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झा, अनुयायी मधुसुधन लाल देव, दिनानाथ यादवलगायतले आफ्नो सम्पूर्ण जीवन मानव सेवामा अर्पण गर्ने स्व.डा.रत्नमोहनीको निधनले एउटा जिम्मेवार अभिभावक गुमाएको महसुस भइरहेको बताए ।

उनीहरुले स्व.डा.रत्नमोहनीको व्यक्तित्व र कृतित्वबाट प्रेरणा लिई निःस्वार्थ भावले काम गर्नुपर्नेमा जोड दिए ।

# अरुले आएर देश बनाइदिन्न हामी सबै मिलेर विकास गर्नुपर्छ

**केपी शर्मा ओली**



गोन्द्राङ–पुल्चोक खण्ड एसियाली मापदण्डको सडकको कार्यसम्पन्न भएर उद्घाटन भएको छ । कार्यसम्पन्न हुनु खुसीको कुरा हो । कार्यसम्पन्न भएर यो उद्घाटित भएको छ । यस अवसरमा यो कार्यमा सहयोग र सहयोगी हात अगाडि बढाउने सबैलाई धन्यवाद भन्न चाहन्छु । यसमा योगदान गर्ने झन योगदानका पात्र हुँदै हुनुहुन्छ । वास्तवमा यो पूर्व–पश्चिम राजमार्गलाई एसियाली स्व्याण्डरमा विकास गर्नु थियो र यसलाई यसै ठाउँबाट मैले सुरु गर्न किन चाहे भने बुटवल–भैरहवा पनि यहाँबाट नजिकै पर्छ, हेटौँडा–वीरगञ्ज पनि नजिकै पर्छ, काठमाडौँ जाँदा सेन्टर नै पर्छ, पोखरा जाँदा सेन्टर पर्छ । यो सबै ठाउँको सेन्टर छ । विकासको हिसाबले, पर्यटकीय हिसाबले, शिक्षा, स्वास्थ्यका हिसाबले र अनेक हिसाबले यो केन्द्रको रुपमा छ । यसलाई तदअनुसार नै भरतपुरलाई विकास गर्नुपर्छ, चितवनलाई विकास गर्नुपर्छ भन्ने मेरो धारणा हो । त्यसअन्तर्गत नै यस ठाउँबाट सुरु गर्नुपर्छ भनेर नै सडक विकासको काम एसियाली मापदण्डमा निर्माणको काम यहीँबाट थालिएको थियो ।

यहाँहरु सबैलाई थाहा छ, सोच कसैले बनाउनुपर्छ । त्यस सोचलाई अगाडि बढाउन सबैको साथ चाहिन्छ । सबैको तत्परता चाहिन्छ, सबैको योगदान चाहिन्छ । जजसले जहाँबाट योगदान पु¥याउन सकिन्छ, सबैको योगदान चाहिन्छ । त्यसैकारण अघि मैले भनेको हुँ, यसमा योगदान गर्ने सबै धन्यवादका पात्र हुनुहुन्छ ।

देश अनेक उचार चढावहरुबाट अगाडि बढ्दै आएको छ । यद्यपि २०४७ सालभन्दा पछि हामी यत्ति अल्झिनु र अल्मलिनु हुँदैनथ्यो होला । योभन्दा अलिक लोकतान्त्रिक मूल्य मान्यताअनुसार सुशासनको काम र देशलाई विकासको मार्गमा तीव्रताका साथ अगाडि बढाउने काममा हामी विना अलमल तीव्र गतिमा लाग्नु पर्दथ्यो होला । आफ्नो ठाउँमा आआफ्नो भूमिकामा रहेर भूमिका पूरा गर्नु पर्दथ्यो । केही कमीहरु रहेका छन् । अलिक ढिला भएको छ तर विकासले गति लिएको छैन भन्ने कुरा होइन । हामीले सडकमा काफी उन्नति गरेका छौँ । यसभन्दा अघिल्लो मेरो प्रधानमन्त्रीत्वकालमा मैले देश विकासमा पूर्वाधारमा जोड दिनुपर्दछ, आधारभूत रुपमा पूर्वाधार तयार भएपछि अरु विकासलाई त्यस पूर्वाधारमा, त्यस जगमा टेकेर अगाडि बढ्न सकिन्छ भनेर कामहरु अगाडि बढाएको थिए । त्यसमा पनि कनेक्टिभिटी, विद्युत् जस्ता कुराहरु आवश्यक छ । कनेक्टिभिटीमा बाटा, पुलहरु, हवाइ यातायात त पर्ने नै भयो, गर्मी ठाउँबाट चिसो ठाउँमा फुत्त गएर आराम गर्नुप¥यो भने केवलकार चाहियो, एकैछिनमा पुग्ने, प्रदूषणको पनि समस्या छैन ।

सञ्चारको राम्रो प्रबन्ध हुनुपऱ्यो, सञ्चारको विकास हुनुप¥यो । त्यसकारण ७७ वटै जिल्लामा अप्टिकल फाइबर ओछ्याएर इन्टरनेट पु¥याउने कार्यहरु तीव्रताका साथ गर्नुपर्छ भनेर मैले नै सुरु गरेको हुँ । त्यो पूरा भएको छ । आज इन्टरनेट सेवा केही दुर्गम ठाउँहरुमा पुग्दैन तर आमरुपमा भन्ने हो भने इन्टरनेट सेवा पुगेको छ । जहाँ पुग्दैन, जहाँ पुगेको छैन र जहाँ अत्यावश्यक छ, जस्तै अस्पताल, विद्यालय त्यहाँ दूरसञ्चार कर्पोरेशनबाट हामी बन्दोवस्त गर्न सक्छौँ । त्यसै गरेर अरु विभिन्न पूर्वाधारका क्षेत्रहरुका साथै यस बीचमा विद्युत् उत्पादनमा असाधारण र उल्लेख्य प्रगति भएको छ ।

खेलकु◌ुदका क्षेत्रमा जम्मा एउटा दशरथ रङ्गशाला थियो । त्यो पनि २०७२ सालको भूकम्पले भत्काएपछि देश रङ्गशालाविहीन थियो । अहिले देशका विभिन्न ठाउँमा विभिन्न रङ्गशालाहरु निर्माण भइरहेका छन् । दशरथ रङ्गशाला निर्माण भएको छ, पोखरा रङ्गशाला निर्माण भएको छ, सुर्खेत रङ्गशाला निर्माण भएको छ । अरु पनि रङ्गशालाहरु निर्माण भएका छन् र काम अगाडि बढिरहेको छ । एकैचोटी हामीले यति धेरै कामहरु गरिरहेका छौँ । हामीले विकासको गतिलाई अगाडि बढाएका छौँ ।

खानेपानीको क्षेत्रमा भन्ने हो भने आश्चर्यचकित भइन्छ । अहिले विश्व बैंकले तथ्याङ्कहरु निकालेको छ । जो हामी आफैँ आश्चर्य लाग्ने खालका तथ्याङ्कहरु छन् । यस बीचमा अलिकति गति अवरुद्ध भएको थियो । त्यसका पछाडि केही राजनीतिक कारणहरु थिए । तर ती कुराहरुलाई पनि हामीले सल्टाएका छौँ र विकासको गतिलाई अब तीव्रता दिएका छौँ । विकासका लागि स्थिरता र स्थायित्व चाहिन्छ, अहिले देशका प्रमुख दुई पार्टीहरु मिलेर स्थायित्व र स्थिरता दिने संकल्प र अठोटका साथ अघि बढिएको छ । स्थिरताका साथ देश विकासको कामलाई तीव्रता दिइएको छ । अहिले सुशासन र देश विकासको कामलाई अगाडि बढाइएको छ । अहिले एउटा मान्यता स्थापित भएको छ, जोसुकै होस्, कानुन तोड्छ, देशमा विध्वंस मच्चाउन खोज्छ, देशमा संविधान विपरीतका क्रियाकलाप गर्छ वा खासगरी अपराधिक क्रियाकलाप गर्छ भने कोही पनि कानुनभन्दा माथि हुन सक्दैन । त्यस कुरालाई वर्तमान सरकारले कोही पनि कानुनभन्दा माथि छैन भन्ने कुरा बताइरहेको छ । शान्ति सुव्यवस्था, भ्रष्टाचार नियन्त्रणका यी कामहरु दृढताका साथ गरिने छन् । सुशासनको प्रत्याभूति गर्दै जनतालाई राम्ररी सेवा सुविधाहरु यथाशक्य क्षमताअनुसार उपलब्ध गराउँदै जाने, त्यसका निम्ति पूर्वाधार र अन्य मानव संशाधनको पक्षसमेत विकास गर्दै जाने, शिक्षा र स्वास्थ्यका क्षेत्रमा विकास गर्दै अगाडि बढ्ने नीतिका साथ हामी अगाडि गइरहेका छौँ । त्यसैको फलस्वरुप अघि भर्खर मैले कुरिनटारमा इच्छाकामना गाउँपालिका भवनको उद्घाटन गरेर आएँ । यहाँ बाटो शिलान्यास भएको होइन, निर्माण कार्य सम्पन्न भएको हो । शिलान्यास त भयो, बन्ला कि नबन्ला भन्ने कुरा होइन, बनिसकेपछिको यो उद्घाटन हो । त्यसकारण काम हुन्छ, हुँदैछ, काम भइरहेको छ र हुनेछ भन्ने कुराको एउटा दृष्टान्त हो ।

एक ठाउँमा मात्रै होइन, देशभरि पूर्व–पश्चिमका आठ खण्डमा यसलाई विभाजन गरेर यसको स्तरोन्नति हुँदैछ । मध्यपहाडी राजमार्ग निर्माण कार्य तीव्रताका साथ हुँदैछ । मदन भण्डारी राजमार्ग केही केही कारणहरु, जस्तै पहिलेकै बाटोसँग जोडेर लैजानुपर्ने अवस्था छ, केही वनका र निकुञ्ज, आरक्षजस्ता कारणले केही केही ठाउँमा अझै ती समस्याको समाधान गरेर निर्माण गर्नुपर्नेछ । नत्र भने काम लगभग सम्पन्न भएका छन् । हुलाकी राजमार्ग मैले भनिरहनुपरेन । अलिकति आरक्षले गर्दा ठोरीदेखि यता रोकिएको छ । चितवनको खासगरी तीन नम्बर क्षेत्र माडी र पश्चिमको क्षेत्रलाई जोड्ने ठाउँमा बाटो छुटेको छ । नारायणीमा थप पुलको विकास गर्नुपर्नेछ । नारायणीको तटबन्धलाई सम्पूर्ण रुपमा निकट भविष्यमा सुदृढ ढङ्गले सम्पन्न गर्नुपर्दछ । यी कुराहरुतर्फ सरकारको ध्यान गएको छ । यो जिल्ला बहुतै ऐतिहासिक जिल्ला छ । यहाँको इतिहास अहिलेको मात्रै होइन, यस ठाउँको इतिहास त्रेतायुगदेखिको छ । रामजन्मदेखिको इतिहास छ । त्यहाँदेखिको लामो इतिहास छ । यो भूभाग हाम्रो वास्तवमा एउटा सभ्यताको सुरुवात भएको भूभाग हो । जनकपुरजस्ता, चतराजस्ता ठाउँहरु वा अरु विभिन्न ठाउँहरु, त्यसपछि द्वापरयुगमा विभिन्न दार्शनिकहरुको यहाँ जन्म भएको थियो । तीन हजार वर्षभन्दा यताका मात्रै कुरा गर्ने हो भने स्वास्थ्य विज्ञान, त्यसको पुरानो इतिहास छ । त्यसलाई हामीले विकास गर्न सकिराखेका थिएनौँ । अहिले हामी ध्यान दिइरहेका छौँ । त्यस क्षेत्रमा पनि आयुर्वेद र परम्परागत उपचार पद्धति, हाम्रा जडिबुटीहरुको विकास गरेर हामी लिएर जाँदैछौँ । यहाँ क्यान्सर अस्पताल, शिक्षण अस्पताल र अरु विभिन्न अस्पताल बनेका छन् । त्यसबाट विद्यार्थीहरु उत्पादन भइरहेका छन् । अब धेरै नयाँ नयाँ कुराहरु यहाँका अस्पतालहरुले गर्दै छन् भन्ने कुरा मैले थाहा पाएको छु । तसर्थ, यस ठाउँलाई हामीले त्यसैगरी एउटा फराकिलो पन र फराकिलो मनका साथ यसलाई विकास गर्नुपर्छ ।

म धेरै कुरा देख्दै, भोग्दै र पचाउँदै आएको व्यक्ति हुँ । जे आउँछ मज्जाले पचाउँछ भनेको जस्तै म सबै कुरा डाइजेष्ट गरिहाल्छु । तर, अहिले चुनाव लागेको पनि छैन, चुनाव प्रचार गर्नु परेको पनि छैन । त्यतापट्टि गइहाल्नुपर्ने आवश्यकता पनि छैन । म सबैलाई आग्रह गर्न चाहन्छु, सधैँ राजनीति मात्रै, सधैँ चुनाव मात्रै होइन, हामीले विकासमा ध्यान दिऊँ । हामीले एक भएर देश बनाउनुपर्नेछ । मदभेदमा होइन, एकतामा जोड दिउँ । विचारमा र अरु कुरामा विविधता हुनसक्छ तर देशको विकास गर्ने कुरामा मतभेद नराखौँ । देशको विकास गर्नुपर्छ, सबैले विकास गर्नुपर्छ । हामी सबै मिलेर विकास गर्ने हो । अरुले आएर हाम्रो देश बनाउँदैन, कसैले बनाइ दिँदैन । जे सहयोग व्यक्तिहरु वा देशहरुले गर्ने गरेका थिए, अहिले विभिन्न सहयोग धरापमा पर्ने गरेको हामीले देखेका छौँ । अरुको भर पर्दा के हुँदो रहेछ, कति वटा देशले अरुका बलमा लड्ने लडाइँ, अरुका बलमा गरिने विकास यी सबै कुरा पनि हामीले देखेका छौँ, काम लाग्दैन । आफ्नो बलमा, आफ्नो राष्ट्रिय एकताका साथ एकजुट भएर अगाडि बढेर हामीले विकास गर्नुपर्छ । त्यसरी मात्रै हामीले हाम्रो देशलाई सुदृढ गर्न सक्छौँ, एकताबद्ध गर्न सक्छौँ, हाम्रो राष्ट्रियतालाई मजबुत पार्न सक्छौँ, हाम्रो अर्थतन्त्रलाई बलियो बनाउन सक्छौँ, हाम्रो डेमोक्रेसीलाई मजबुत पार्न सक्छौँ । त्यसकारण डेमोक्रेसीलाई मजबुत पार्ने, राष्ट्रियता बलियो बनाउने, सुशासन र विकासको गतिलाई अगाडि बढाउने कुरामा एकजुटताका साथ अगाडि बढ्न म सबैलाई आग्रह गर्न चाहन्छु ।

अहिले एसियन स्व्याण्डरको भनेर हामीले झण्डै सात (६.०८) किलोमिटर एसियन स्व्याण्डरमा एउटा बाटो पहिलो बनाएका छौं । यो हाइवे पूर्वदेखि पश्चिमसम्म (काकडभिट्टादेखि गड्डाचौकीसम्म) यो स्व्याण्डरको बाटो हुनुपर्दछ । एउटा कुरा के भन्दा यत्तिकै फराकिलो, यत्तिकै सुविधा सम्पन्न ग्रामीण क्षेत्रमा पनि बनाउनुपर्ने अथवा खाली क्षेत्रमा बनाउनुपर्ने वा जङ्गल क्षेत्रमा बनाउनुपर्ने भन्ने हुँदैन । यो सहरी क्षेत्रमा भएको हुनाले एउटा नमूना हो । यो भन्दा अलिक साँघुराले पनि एसियन स्व्याण्डर हुन्छ । त्यसकारण हामीले सहरी क्षेत्रमा चौडा बाटाहरु बनाएका छौँ, हाइवेलाई र अरु बाटाहरुलाई पनि ताकी सहरका सवारीका चापहरुदेखि लिएर सबै कुरालाई ध्यानमा राखेर । जेहोस् यसलाई हामी चौडा गर्दैछौँ, अघि पनि मैले भनेँ आठ खण्डमा हामीले निर्माण कार्य अगाडि बढाएका छौँ, सबै ठाउँलाई एसियन स्व्याण्डरमा बनाउने भनेर । यसमा आठ लेनभन्दा ठूलो छ, फुटपाथ पनि चौडा छ । यस्ता बाटाहरु सहरी क्षेत्रमा निर्माण गर्दै जानु◌ुपर्छ । मुख्यमन्त्रीजीले भन्नु◌ुभयो बनाउँदै फेरि भत्काउँदै, भत्काउँदै बनाउँदै, एउटा नाममा भत्काउने त्यसो नगरौँ । कुनै चिजको निर्माण सम्पूर्ण रुपमा एकैचोटी गरौँ । ढलको निर्माण, खानेपानी पाइपलाइनको विस्तार, बिजुली वा टेलिफोनको छ भने बाटो निर्माण हुनुभन्दा अगाडि गर्नुपर्छ । यति स्व्याण्डरको बाटो बनाएपछि फेरि गैती लिएर बीचमा टङ्¥याङ टङ्¥याङ खन्ने खालका कामहरु बीचमा गर्नुहुँदैन । त्यसका लागि पहिले नै समग्र डिजाइन गर्नुपर्छ । डिजाइनिङभित्र सर्भिस लेनहरु, अरु सबै कुराको हामीले प्रबन्धहरु गरेका छौँ । त्यसरी नै अगाडि बढाउनुपर्छ । यो स्व्याण्डरमा सडक बनेको छ, म खुसी व्यक्त गर्न चाहन्छु ।

देश नै विकासको बाटोमा अगाडि बढ्दै छ । यहाँका जनताहरुलाई यो सुविधा उपलब्ध भएको छ, म बधाई भन्न चाहन्छु । यहाँका सबै जनताले साथ र सहयोग दिनुभएको छ । म महानगरपालिका र अन्य पालिकाहरुलाई धन्यवाद दिन चाहन्छु । यहाँका नागरिकहरु कतिले आपूm बसोबास गरिरहेको ठाउँ छोड्नुपरेको होला । विसं २०२२ मा यसको निर्माण गर्ने कार्यको सुरुवात भयो भनौँ अथवा लगभग परिकल्पनाको स्थितिबाट अगाडि बढ्न थाल्यो । त्यसबेलादेखि बसिरहेका ठाउँहरु हुनसक्छन् । ती छोड्नुपरेको होला । जेसुकै भए पनि आफ्नो घर भत्किँदा व्यक्तिलाई रमाइलो लाग्दैन तर देशको विकासका लागि त्यस्तो कामहरु गर्नुपर्ने हुन्छ । त्यसको वैकल्पिक व्यवस्था गर्नुपर्ने हुन्छ । वैकल्पिक व्यवस्था पहिला नगरिएको भए पनि आजको समयमा र जनताका पीरमर्काप्रति हामी अत्यन्त संवेदनशील छौँ । त्यसकारण जनतालाई परेका पीरमर्काहरुको वैकल्पिक व्यवस्था गरेर नै अगाडि बढेका छौँ र त्यसै गरी अगाडि बढ्छौँ । म यस सफलताका लागि खुसी व्यक्त गर्दै बधाइ र शुभकामना भन्न चाहन्छु । नयाँ वर्ष पनि भर्खरै प्रारम्भ भएको छ । नयाँ वर्ष अझै ३६० दिन चोखै बाँकी छन् । सबैका निम्ति सुखमय, सफलताका र सुस्वास्थ्यका दिनहरु रहुन् । धेरै धेरै शुभकामना छ ।

***(सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले २०८२ वैशाख ५ गते पूर्व–पश्चिम राजमार्गको पुल्चोक–गोन्द्राङ सडकको उद्घाटनसभालाई गर्नुभएको सम्बोधनका आधारमा उहाँको स्वकीय सचिवालयबाट तयार गरिएको)***

# इस्टरमा र्‍याली तथा रक्तदान

**मुकेश कुमार साह**
**चपुर ।**
येशु ख्रिस्टको पुनरुत्थानका दिन (इस्टर) को अवसरमा चन्द्रपुरमा रक्तदान तथा र्‍याली गरिएको छ । रौतहट ख्रिस्टियन समाजद्वारा चन्द्रपुर–१ बागमतीमा र्‍याली तथा रक्तदान आइतबार भएको हो । समाजका अध्यक्ष दीपक राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा चन्द्रपुर नगरपालिका वडा नम्बर १ का अध्यक्ष बलराम राउत प्रमुख अतिथि थिए । कार्यक्रममा वडाध्यक्ष राउतले भने, 'हामी सबै धर्म, संस्कृति र मान्यतालाई सम्मान गर्नुपर्छ । जुनसुकै समुदायले पनि समाजको हितमा यस्ता सकारात्मक कार्य गर्नुपर्छ, यसले आपसी मेलमिलाप र सहकार्यलाई अझ सुदृढ बनाउँछ ।' कार्यक्रमको सुरुवात मङ्गलपुर बजार हुँदै बागमती पुलसम्म निकालिएको शान्तिपूर्ण र्‍यालीबाट गरिएको थियो । र्‍यालीमा येशु ख्रिस्टको योगदानलाई उजागर गर्ने सन्देशमूलक प्लेकार्ड प्रदर्शन गरिएको थियो । र्‍यालीपश्चात भएको रक्तदानमा अध्यक्ष राईले ४१औँ पटक रक्तदान गर्दै शुभारम्भ गरे । कार्यक्रममा १६ महिला र २४ पुरुषले रक्तदान गरेका थिए । वडाध्यक्ष राउत स्वयम् पनि रक्तदानमा सहभागी भएका थिए । समाजका अध्यक्ष राईका अनुसार रौतहट ख्रिस्टियन समाजले समय–समयमा रक्तदान, सरसफाइ, विपद् सहयोगजस्ता विविध समाजसेवामूलक कार्यक्रम गर्दै आइरहेको छ ।



## भुल सुधार

**मिति २०८२/०१/०५ गतेको मधेशदृष्टि राष्ट्रिय दैनिक** मा कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सुचना प्रकाशित गरिएको कर्जाको सुरक्षणको विवरणमा गाडिको विवरणमा यस बैकंका नाममा दर्ता रहेको ,ऋणी संजय गिरी तथा सुन्दरम देवि रहेको **SOKON EV 11 SEATER VAN (EC36) गाडी नम्बर बागमति प्रदेश ०३ ००१ ज ०८२३ को च्यासिस नं. LVPA5B4B2RAA10162 र ईन्जिन नं. PCH45045 को ई.प्यासेन्जर भ्यान छुटन गएकोले** उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# मृतक आनन्दीको परिवारसँग घटनाबारे छलफल

**मधेशदृष्टि**
**सिरहा ।**
नरहा गाउँपालिका–१ घर भई माइती गाउँ नवराजपुर गाउँपालिका–३ मा बस्दैआएकी १८ वर्षीया बलात्कार प्रयास घटनाकी पीडित आन्नदी कुमारी सदायले वैशाख २ गते घरमै आत्महत्या गरेको घटनाको इन्सेक र अधिकारकर्मीको टोलीले अनुगमन गरेको छ ।




इन्सेक मधेश प्रदेश कार्यालयका संयोजक राजु पासवान, इन्सेक सिरहा प्रतिनिधि दुर्गा परियार, महिला मानव अधिकार रक्षक सञ्जालकी राष्ट्रिय अध्यक्ष श्यामकुमारी साह र दलित महिला संघ धनुषाका संयोजक सिजेन्द्र सदालगायतको संयुक्त टोलीले स्थलगत अनुगमन गरेको हो ।

अनुगमनको क्रममा टोलीले मृतक आन्नदीका बुबा जोगेन्द्र सदा, आमा बिल्टौन सदा, दिदी र भाउजुहरूसँग भेटघाट गरी घटनाबारे जानकारी लिएका थिए । मृतकका बुबा जोगेन्द्र सदाले नवरजापुर गाउँपालिका–३ का २५ वर्षीय सन्जिप यादव र ३२ वर्षीय श्यामसुन्दर यादवले २०८१ पुस ९ गते दिदीको घर जाँदा बाटोमा घेरा हालेर बलात्कार प्रयास गरेको बताए । बाटोबाटै रुँदै घरमा आई घटनाबारे जानकारी गराएपछि तत्काल वडा अध्यक्षकोमा गएपछि उनले प्रहरीमा जान भने ।

इलाका प्रहरी कार्यालय महेशपुर पतारमा सोही दिन गएर उजुरी दिएको जोगेन्द्र सदाले बताए । प्रहरीले उजुरी लिएर म बोलाउछु अनि आउनु भनेर पठाए । घर आएपछि प्रहरीले नबोलाएपछि पुनः पतार प्रहरीमा गएको उनले बताए ।

प्रहरीले मुद्दा दर्ता भएको चिट दिएर पठाए । घर नपुग्दै प्रहरीले कार्यालय बोलाएर चिट च्यातिदिएर हप्काएर पठाएको मृतकका बुबाले बताए । फागुन २२ गते पालिकामा भएको कार्यक्रममा उपस्थित संघसंस्थाका पदाधिकारीलाई घटनाबारे जानकारी गराए र न्यायका लागि पहल गरिदिन अनुरोध गरेपछि उनीहरूको पहलमा सोही दिन प्रहरीले मुद्दा दर्ता गरे पनि आरोपितलाई गिरफ्तार नगरेको जोगेन्द्रले बताए ।

साथै मुद्दा फिर्ता लिन आरोपित पक्षबाट आएको दबाब र लाजले छोरीले आत्महत्या गरेको उनले बताए ।

अनुगमनक्रममा टोलीले इलाका प्रहरी कार्यालय महेशपुर पतारका इन्स्पेक्टर रविनराज मैनालीसँग भेटघाट गरी घटनाबारेमा जानकारी दिएका थिए । इन्स्पेक्टर मैनालीले घटनाको जानकारी २०८१ पुस ९ गते बेलुका भएको र प्रकृया पूरा गर्दै गर्दा रात परेकाले बिहान स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल सिरहा पठाएको बताए । त्यसैगरी, स्वास्थ्य परीक्षणको प्रतिवेदन नआएको र जिल्ला प्रहरी कार्यालय, सिरहाका एसपी रमेश पण्डितले पीडित र आरोपित पक्षबीच विवाद भएकाले आरोपित पक्ष आएकाले पीडित पक्षलाई पनि पठाइदिन बुझेर मात्र पीडितको उजुरी दर्ता गर्न आदेश दिएपछि केही दिन रोकिएको उनले अनुगमन टोलीलाई जानकारी दिए । साथै पीडितको स्वास्थ्य परीक्षणको प्रतिवेदन आएपछि उजुरी दर्ता गरेको इन्स्पेक्टर मैनालीले बताए । आरोपितलाई खोजतलास गरिरहे पनि फरार रहेकाले गिरफ्तार गर्न नसकेको बताए ।

जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी अन्नतराम शर्माका अनुसार प्रहरीले उजुरी आउनासाथ मेडिकल गराएर अनुसन्धान प्रकृया शुरु गरेको थियो । आरोपित भारतमा भएकाले समयमा गिरफ्तार गर्न नसकेको बताउँदै प्रकृया पूरा गरेर भारतबाट ल्याउन पहल गर्ने एसपी शर्माले बताए । सोही क्रममा नवराजपुर गाउँपालिकाका अध्यक्ष शिवउदगार यादवले पालिकामा मानवअधिकार उल्लङ्घनका घटना बारम्बार भएकाले उपस्थित संघसंस्थाका पदाधिकारी र मानवअधिकारकर्मीहरूलाई जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्न आग्रह गरे ।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले प्रहरीले समयमै घटनाको जानकारी पाएर पनि अनुसन्धान नगरी माथिल्लो निकायको आदेशमा दर्ता प्रकृया रोकी गाउँमै भएको बेला पनि आरोपितहरूलाई गिरफ्तार गर्न नसक्नुका कारण पीडित सदायले आत्महत्या गरेको देखिएको बताए । दलित, गरिब तथा विपन्न समुदायका महिलाको मुद्दामा प्रहरी प्रशासन सजग नभएको र दबाबमा मात्र काम गर्ने प्रवृत्तिले दण्डहीनता बढेको बताए ।

महिला मानवअधिकार रक्षक सञ्जालकी राष्ट्रिय अध्यक्ष श्याम कुमारी साहले दलितहरूको मुद्दामा राजनीति हुने, प्रहरी माथि दबाब हुने र प्रहरीले दबाब थेग्न नसकेर मुद्दाहरू कमजोर बनाउने प्रवृत्ति बढेको बताइन् । समाजले पनि घटनालाई मिलाउन, लुकाउन लागि परेकाले महिला तथा बालबालिकामाथि हुने यौनजन्य हिंसा बढिरहेको साहले बताइन् । प्रहरीले पनि प्रहरीमा आएका घटनालाई कसैको दबाब वा प्रभावमा नपरी निष्पक्ष अनुसन्धान गरी सत्यतथ्यका आधारमा दोषीलाई कारबाही प्रकृयामा ल्याउनु पर्ने बताइन् ।



खानेपानीका लागि इन्टेक निर्माणः सर्लाहीको विकट क्षेत्रस्थित ईश्वरपुर नगरपालिका–१२ कालिन्जोर घारिबथानमा एक हजार घरधुरीमा खानेपानी सुविधा पुर्याउने उद्देश्यसहित बाँके खोलामा इन्टेक निर्माणको काम गरिँदै । खानेपानीको समस्या रहेको घारिबथानमा खानेपानीका लागि मधेश सरकारले ७० लाख रुपैयाँ बजेट उपलब्ध गराएको छ । तस्बिरः विश्वनाथ ठाकुर–रासस

# ५४९ सवारी दुर्घटनामा ३८ को मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रिगाहपुर तथा मातहतका युनिटले ९ महिनाको अवधिमा नियम विपरीत चलेका सवारीसाधनलाई गरेको कारबाहीबाट एक करोड रुपैयाँ बढी राजश्व संकलन गरेको छ । साउन महिनादेखि चैत मसान्तसम्म रौतहटमा नियमविपरीत चल्ने ११ हजार ४ सय ८९ सवारीसाधनलाई गरिएको कारबाहीबाट १ करोड ७ लाख ४६ हजार रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी प्रमुख इन्स्पेक्टर लोकेन्द्र अधिकारीले बताए ।

९ महिनाको अवधिमा जिल्लाभरमा भएको ५ सय ४९ सवारी दुर्घटनामा ३८ जनाको मृत्यु भएको इन्स्पेक्टर अधिकारीले जानकारी दिए । दुर्घटनामा ६६ जना गम्भीर तथा ८ सय ३६ जना सामान्य घाइते भएको ट्राफिक प्रहरीको सूचनामा उल्लेख छ ।

ट्राफिक प्रहरीले सोही अवधिमा बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न विद्यालय, बाटो, सार्वजनिकस्थलमा दुई हजार ३ सय ९९ सचेतनामूलक कार्यक्रम आयोजना गरेकामा ५३ हजार ९ सय ३६ जना सहभागी भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

कम जनशक्तिका बाबजुद जिल्लाको मुख्य पूर्व पश्चिम राजमार्गको बागमती, जुडिबेला, चन्द्रनिगाहपुर, गौर–चन्द्रपुर सडकखण्ड अन्तर्गत डुमरिया, गरुडा, शिवनगर, सुकदेव चोक, बम नहर, गौर र ग्रामीण क्षेत्रमा समेत ट्राफिक प्रहरी परिचालन गरिएको जनाइएको छ ।

# महोत्तरीबासीमा सहकालको आशा

**मधेशदृष्टि**
**महोत्तरी ।**
नयाँ वर्ष २०८२ प्रारम्भ भएसँगै महोत्तरीका बासिन्दाले यो वर्ष सहकाल हुने आशा गरेका छन् । नववर्षको पूर्वसध्या र वैशाख लागेपछि पनि वर्षात् भएपछि अन्नबाली लगाउन उनीहरूमा उत्साह भरिएको छ भने बाली सप्रने उमङ्ग पनि उनीहरूमा छाएको छ । चैतको शुरुदेखि नै खानेपानीको समस्या झेल्दै आएका जिल्लाको उत्तरी क्षेत्रका बासिन्दामा पानी परेसँगै खानेपानीको अभाव हटेको छ । पर्याप्त वर्षा भएपछि पानीका मुहान रसाउन थालेका छन् ।

पानी परेपछि बर्दिबास–१४ का रामनरेश महतो दङ्ग छन्, 'यसपालि सहकाल आउने आशा जाग्यो ।' 'नयाँ वर्षले राम्रै लक्षण देखाएको छ, वर्ष शुरु हुनपूर्वदेखि नै पानी परेको छ,' महतोकै छिमेकी ७५ वर्षीय चन्देश्वर साह भन्छन्, 'दिनको सङ्केत बिहानीले गर्छ भन्छन्, यो वर्षको शुरुमै परेको वर्षाले आशा पलायो ।' बर्दिबास चोकमाथिका पानीखोल्सी, दूधमारा खोल्सी र दाहाल्नी खोल्सीका मुहानमा पनि पानी रसाएको छ । चौध वडा भएको बर्दिबास नगरपालिकामा ५० जति बस्ती छन् । तीमध्ये अधिकांशमा नदी, खोल्साखोल्सीको पानी भण्डारण गरेर धाराबाट वितरण गरिने पानी नै खानेपानीको मुख्य स्रोत हो । बर्दिबासका वडा नम्बर ६, ७, ९, १२ र १३ मा भने खानेपानीको स्रोत इनार छन् । बर्दिबास–१२ का मेघरोल, जुडी र चल्कीमा इनारसँगै चापाकल पनि प्रयोगमा छन् ।

यसैगरी, १२ वटा वडा भएको गौशाला नगरपालिकाका आधा बस्तीमा खोल्साखोल्सी र बोरिङबाट ट्याङ्कीमा भण्डारण गरिएको पानी धाराबाट वितरण प्रणालीबाट आपूर्ति हुँदैछ । गौशालाका अन्य आधा बस्तीमा इनार र चापाकल प्रयोगमा छन् । खानेपानीको समस्या व्यहोर्दै आएको भङ्गाहाका ४ र ५ का वडाका बस्तीमा इनार छन् । ती इनारमा पनि पानी रसाएको छ । ती फागुनदेखि नै सुकेका थिए । इनारमा पानी रसाएपछि गाउँलेहरू दङ्दास छन् ।

पानी परेसँगै किसानका खेतबारीमा उखु, मकै, सागसब्जी लहलहाएका छन् । आँप, लिची र रुखकटहरमा चिचिला पोटिन थालेका छन् । बर्दिबास–७ प्रेमनगरका ७० वर्षीय किसान रामउद्गार महतो जिल्लामा सहकाल प्रारम्भ भएको ठान्छन् ।

खेतीपाती, व्यापार–व्यवसाय र अन्य काममा लाग्न आफूहरूलाई सहज भएको उनले बताए । महोत्तरीको ७० हजार हेक्टर खेतीयोग्य जमिनमध्ये अधिकांश खेती आकासे पानीका भरमा गर्नुपर्दा किसान अब पानी राम्ररी पर्ने आशामा छन् । जिल्लामा खेतीयोग्य जमिनमध्ये १० प्रतिशतमा मात्र स्थायी सिँचाइ सुविधा छ ।

# इँटाभट्टाको पोखरीमा डुबेर बालकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
पर्सा गाउँपालिका –५ स्थित जिङडवा गाउँमा रहेको जोश सोना इँटा भट्टामा डुबेर पाँचवर्षीय बालकको ज्यान गएको छ । डुबेर ज्यान गुमाउने बालक भारत, बिहार राज्य अन्तर्गत गया जिल्लाको दिउरी गाउँ निवासी शिवम मझीका छोरा सुवजजित कुमार मझी हुन् ।

शुक्रबारदेखि हराइरहेका बालकको शव शनिबार बिहान इँटा भट्टाभित्र रहेको खाल्डोमा पानीमा फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

मझी परिवारसहित भारतको बिहार राज्यबाट आएका करिब १५–२० जना मजदुर इँटाभट्टामा काम गर्दै अस्थायी रूपमा बसोबास गर्दै आएका छन् । तीन दिनदेखि बालक हराएको भन्दै परिवारले खोजी गरिरहेका थिए । शनिबार बिहान भट्टाको खाल्डोमा बालकको शव देखिएपछि स्थानीयले तत्कालै प्रहरीलाई खबर गरेका थिए । घटनाको जानकारी पाउनेबित्तिकै प्रहरी टोली घटनास्थलमा पुगेको थियो । शव पोस्टमार्टमका लागि मलंगवास्थित प्रादेशिक अस्पतालमा पठाइएको र परीक्षणपछि परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको र प्रारम्भिक तथ्यहरूले डुबेर मृत्यु भएको देखिएको प्रहरी स्रोतको भनाइ छ । स्थानीय बासिन्दाहरूले इँटा भट्टा क्षेत्रमा खुला रूपमा रहेका खाल्डोहरूमा आवश्यक सुरक्षा उपाय नअपनाइएका कारण यस्ता दुःखद घटना घट्ने जोखिम रहेको बताएका छन्


## गैर बैकिङ्ग अचल सम्पत्ति शिलबन्धी लिलाम बिक्री सम्बन्धी पन्ध्र दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

तपसिल

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा, बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३, पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३, पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| मूर्ली ०३, पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. १५) | ७८९ | १५२.३७ (०-०-९-०) |
| मजडिहा पिप्रा ०८, पर्सा | ३०९ | ०-०-१०-० |
| प्रसौनि विर्ता ०२, पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४, पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ बैशाख २२ गते सोमवार दिउँसो ३:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ बैशाख २३ गते मंगलबार दिउँसो ४:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

## सम्पादकीय

# बजेट कति खर्च भयो ?

*मधेश प्रदेश सरकार के गरिरहेको छ ? तपाईंहामीले चर्को चनाखो हुने बेला भयो, चासो लिने बेला भयो । कर्मचारीहरु आन्दोलित छन् । करारका स्वास्थ्यकर्मीले तलब नपाएको भनेर चर्चा गरे । मधेश सरकारले तत्काल भुक्तानीका लागि निर्देशन दियो।*

*स्वास्थ्यकर्मीहरु प्रदेश ऐनले मार पर्ने भन्दै आन्दोलनमै छन् । कतै स्थानीय सरकारविरुद्ध त कतै प्रदेश सरकारविरुद्ध आन्दोलन छ । योजना कमिसनविना दिइएन भनेर तालाबन्दी महोत्सवकै रुपमा अघि बढिरहेको छ । प्रदेश सरकारका मन्त्रीहरुको मीठा भाषणले जनतालाई सुगर हुने स्थिति छ । अनि विकास निर्माणको काम चैँठप्प छ । कतै कुनै साइनबोर्ड देख्नु भएको छ योजनाको ? मनलाग्दी काम भइरहेका छन्, पारदर्शी छैनन् । के भइरहेको छ, स्थानीयलाई थाहा छैन, अर्को पार्टीकालाई थाहा छैन, कति बजेट हो भन्ने हिसाब पनि छैन । वडाध्यक्षले पनि उपभोक्ता समिति बनाउँखा आफन्त मात्र राखे भनेर जनताले वडादेखि नै सरकारविरुद्ध ताला लगाउन थालेका छन्।*

*सरकार बनेको एक वर्ष हुँदैछ । शुरुमै विश्वासको मत लिएर लामो समयसम्म टिकेको यो दोस्रो सरकार हो । अघिल्लो मुख्यमन्त्री सरोजकुमार यादवले पटकपटक विश्वासको मत लिनु परेको थियो । यो सरकारले लिन परेको छैन । तर आफैँले खनेको खाल्डोमा चुर्लुम्म डुबेकाले सरकार बल्ल खाल्डोमाथि आएर विकास निर्माणको गफसम्म गर्ने भएको छ । सबै काम ठेक्कामार्फत गर्ने भनेर सुशासनको खरो कुरा गरेर महिनौँ बिताएपछि अन्ततः सबै दलहरुले प्रदेश सभामै एजेन्डा लगेर फेरि उपभोक्ता समितिमार्फत पनि काम गर्ने भनेपछि प्रदेश सरकारका हात्तीका दाँत देखेर जनता छक्क परिसकेका थिए । फेरि पनि नयाँ र बहुमतको सरकार भएकाले केही गर्छ कि भनेर कुर्दाकुर्दै पुस मसान्तसम्म मेलामहोत्सव, भेटघाट, रामजानकी महोत्सवमा अतिथि हुने भन्दा सरकार माथि जान सकेन।*

*अब एक महिना बाँकी छ । जेठपछि काम हुनसक्दैन । बजेट मात्र बाँड्ने काम हुनेछ । चेक काट्न हतारो हुनेछ । राजमार्गमा धूलो उडेर यात्रा गर्न सकिने स्थिति छैन । भित्रका बस्तीमा विकासका काम पारदर्शी छैनन् । यस्तो अवस्थामा मधेशको उन्नयन कसरी हुन्छ ? कहाँ कति बजेट बाँडिएका छन् ? दलाल र बिचौलियाले पैसा लगेर ल्याएको बजेटले गाउँको विकास कस्तो होला ?*

*स्थानीय सरकार र प्रदेश सरकारको चौथो वर्षको बजेट आउनै लाग्दा अब तपाई हामीले खबरदारी गरेर प्रश्न सोधनौँ भने पक्कै सरकार निकै काम नलाग्ने भएको छ भनेर देखाउन थप मेहनत गर्नु पर्ने छैन । हामी प्रदेश सरकारका बजेट कहाँ कति खर्च भयो भनेर लगातार खबरदारी गरिरहेका छौँ । तपाईंहरु पनि आफ्नो भूगोलमा प्रदेश सरकारको बजेट के कसरी खर्च भइरहेको छ, जानकारी गराउनु होला।*

# रास्वपा भित्रको अन्तरद्वन्द्व



**श्रीमन नारायण**

नेपालको राजनीतिमा विकृति आयो, सबै नेताहरु भ्रष्ट छन्, अब यिनको काम नै छैन, पुराना नेताहरु पद र कुर्सीबिना बाँच्नै सक्दैनन् तथा देशमा अब राजनीतिक दलहरुको काम नै छैन भन्ने दाबी गर्ने राजनीतिक दलहरु पनि जब सोही मार्गमा हिडन थाल्छन्, अनि जनतालाई दुःख हुनु स्वाभाविक हुन जान्छ । राजनीतिमा व्यापत भ्रष्टाचारको विरोध गरेर चर्चा कमाएका र जनताको समर्थन हासिल गरेका नवोदीत दलहरु पनि आफ्ना घोषित प्रतिबद्धताविपरीत जब तिनै भ्रष्ट र बदनाम नेताको मातहत काम गर्न सहर्ष स्वीकार गर्दछन् भन्ने जनतामा नैराश्यता आउनु स्वाभाविकै हो । नेपाली राजनीतिको आकासमा करिब ३ वर्षअघि उदाएको एउटा यस्तै दल रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हो बनिसकेको छ । पार्टीका दोश्रो पंक्तिका नेताको हकमा यो कुरा लागू भए पनि पार्टीका शीर्ष नेताको हकमा यो लागु हुँदैन । रास्वपाका अध्यक्ष रवि लामिछानेको अहिलेसम्मको पत्रकारिता र राजनीतिक यात्राको समीक्षा गर्ने हो भने उनी दोहोरो चरित्रका धनी नेता हुन्।

देशको राजनीतिमा सुधार ल्याउने, भ्रष्टाचारको अन्त्य गर्ने, आर्थिक पारदर्शिता कायम गर्ने, सुशासन ल्याउने, नैतिक मूल्य एवम् मान्यतामा आधारित राजनीति गर्ने उनले दाबी नै गरेका थिए । चुनाव प्रचारका दौरान उनी सबै भन्दा बढी नेकपा एमाले र नेकपा माओवादी केन्द्रको नै सर्वाधिक विरोध गर्दथे तर चुनावपश्चात त्यही नेकपा एमाले सम्मिलित सरकारमा गृहमन्त्रीको पद हात पार्न भगिरथ प्रयत्न गरे र त्यो पद हासिल पनि गरे । त्यति मात्रै होइन, उनी सहभागी मन्त्रिपरिषद्का प्रमुख अथवा प्रधानमन्त्री नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड थिए । विना कुनै त्याग, समर्पण, बलिदान, आन्दोलन गिरफ्तारी र जनतामा लगानीबिना नै सोझा नेपाली जनताले रास्वपालाई देशको चौथो ठूलो दलको रुपमा स्थापित गरे । सम्भवतः उनी नेपाली राजनीतिका नयाँ विकल्प बन्न सक्दछन् कि भन्ने विश्वासमा जनताले मत दिएका थिए । उनले गरेका वाचाहरु पढेलेखेका व्यक्तिको निर्णय क्षमता पनि अपरिपक्व हुन्छ भने त्यस देशको भाग्य ईश्वरकै हातमा हुन्छ।

रास्वपाभित्र विवाद उत्पन्नु अथवा आन्तरिक कलह तीव्र हुनु आश्चर्यको विषय होइन । केबल झुठो बोल्ने र जनतालाई भ्रममा पार्ने अघोषित लक्ष्य लिएर नै यो पार्टी अस्तित्वमा आएको हो । आफ्नो उपलब्धि विशेषता र भावी कार्यदिशाबारे केही पनि नबताई केबल अर्काको असफलता र कमी कमजोरीको प्रचार गरेर एकदुई पटक चुनाव जित्न पनि सकिन्छ तर लामो समयसम्म राजनीतिमा टिकाउ रहन गाह्रो हुन्छ । रास्वपाको आर्थिक र सामाजिक नीति के रहने प्रष्ट छैन र प्रत्येक मञ्चबाट संघीयताको विरोध गर्ने यो पार्टी महोत्तरी, जलेश्वरको बैठकबाट आफूलाई संघीयताको पक्षधर देखाउने कोसिस गरेको थियो तर मधेशका जनताले यस पार्टीमाथि विश्वास गरेको छैन।

सहकारी प्रकरणले रवि लामिछानेको आर्थिक अनुशासन र पारदर्शिताको विषयलाई प्रष्ट्याइदिएको छ । नागरिकता प्रकरण र सहकारी प्रकरणले रवि लामिछानेको इमानदारी र दोहोरो सुशासनको चरित्रलाई नंग्याइदिएको छ । पूर्व सांसद ढाकाबहादुर श्रेष्ठको आरोपलाई पनि




। खोल्ने राजनीतिक दल नै हो तर दलको नाम स्वतन्त्र राख्नु एक किसिमले बहुदलीय व्यवस्था प्रतिको उपहास हो । आफनो अदूरदर्शिता र स्वार्थमाथि धुत्र्याइँको लेप लगाएर जनताको विश्वास जित्न खोज्नु हो । हालै राष्ट्रिय स्वतन्त्र पार्टीका एकजना महिला नेतृले पार्टी संगठनको पदबाट राजीनामा गरेकी छिन् । राजनीतिक दलहरुमा एक व्यक्ति एक पदको चर्चा विगत लामो समयदेखि हुँदै आएको छ । तर व्यवहारिकरुपमा यसलाई धरातलमा उतार्नु निकै कठिन हुन्छ । पार्टी संगठनका एक–दुई जना पढेलेखेका र सिद्धान्तवादी नेताहरु ‘एक व्यक्ति एक पद’को माग गर्दै यदाकदा भावुक भएर आफ्नो पदबाट राजीनामा पनि गरिदिन्छन् तर मोटो छाला भएका पार्टीका शीर्ष नेताहरु कहिल्यै एक व्यक्ति एक पदको सिद्धान्तलाई आत्मसात् गर्दैनन् । पार्टी राजनीतिका दिग्गज अनुहारहरु जब आफू सत्ता बाहिर हुन्छन् अनि एक व्यक्ति एक पदको नारालाई अघि सार्दछन् तर जब स्वयम् पार्टी नेतृत्वमा पुग्दछन् अनि राजनीतिमा शक्तिको दुईवटा केन्द्र रहनु हुँदैन भन्दै पार्टी सभापति अथवा अध्यक्षको पद र प्रधानमन्त्रीको पद आफूसँगै सुरक्षित राख्दछन् । रास्वपा नेतृ तोसिमा कार्कीको राजीनामा भावनामा आएर दिइएको हो।

यसको पालन स्वयं पार्टी अध्यक्ष रवि लामिछानेले पनि गर्ने छैनन् । नेपालका प्रायः सबैजसो राजनीतिक दलहरुमा पार्टी अध्यक्ष र पार्टी संसदीय दलका नेता एउटै अनुहार रहँदै आएका छन् । एक किसिमले यो परम्परा नै पनि सोही प्रकृतिका थिए तर एक पटक सत्तामा पुगेपछि उनले आफनो कार्यशैलीमा ठूलो परिवर्तन ल्याए । जब पार्टीका एकजना सांसदले स्वास्थ्य मन्त्री बन्न आफूले पार्टीलाई तीन करोड रुपैयाँ बुझाउनु पर्छ भने गोप्य कुरा सार्वजनिक गरे । त्यतिबेला नै पार्टीले एउटा आन्तरिक छानबिन समितिको गठन गरी पार्टीका उच्चस्तरीय समितिलाई विघटन गर्नु पर्दथ्यो तर होइन पार्टी अध्यक्ष रवि लामिछानेले त उल्टै पार्टीका सांसदको पद नै चट गरिदिए । सम्भवतः मेडिकल व्यवसायी दुर्गा प्रसाइँ नेपाली राजनीतिमा सर्वाधिक चर्चामा आउनुको मुख्य कारण रास्वपा सांसद श्रेष्ठ र मेडिकल व्यवसायी दुर्गा प्रसाइँबीचको लेनदेन प्रकरणको त्यो अडियो नै हो।

पार्टी स्थापना भएको ६ महिना भित्रमै सरकारमा जाने शिघ्रता देखाउनु त्यो पनि गृह मन्त्रालय जस्तो संवेदनशील मन्त्रालयको हठ राख्नु तर आफैँ दुई देशको नागरिक ठहरिनु कहाँसम्म जायज थियो । दुई देशका नागरिकता र पासपोर्ट बोक्ने व्यक्ति नै उपरोक्त कार्य हेर्ने मन्त्रालयको शीर्ष पदमा पुग्नु अथवा पुग्न खोज्नु अनेकौँ शंकालाई जन्म दिन्छ, आखिर उनले त्यो पद पनि त्याग गर्नुप¥यो तर आफनो गल्तीलाई पनि उनले देश र जनताको उपलब्धि सावित गर्ने प्रयास गर्नुभयो । राजधानी काठमाडौँ तथा पोखरा र चितवन जस्ता जागरुक ठाउँका जनताले रवि लामिछानेको पक्षमा आफ्नो समर्थन जनाउनु आश्चर्यको कुरा हो । जब सत्य नै मान्नेहरु धेरै संख्यामा छन् । रास्वपा एउटा नयाँ दल हो यसका अध्यक्ष अमेरिकाको जागिर छाडेर नेपाल आएका हुन् । देशको लागि केही भने चाहना होला भरसक देशको विकास पनि गर्लान् कि भने सोचेर नै जनताले, युवाले तथा पढेलेखेकाले पनि उनीमाथि पत्यार गरेका थिए तर अहिलेसम्मको उनको कुनै गतिविधि र क्रियाकलाप जनताको विश्वास जित्ने खालको देखिएन । पढेलेखेका युवा, इन्जिनियर र डाक्टरहरु पनि यसमा सहभागी भएका थिए तर विस्तार–विस्तारै ती सबै जनाको विश्वासमाथि आघात पुगेको छ, अब त्यहाँबाट पढेलेखेका समूह बाहिर निस्कन चाहन्छन्।

रवि लामिछानेलगायतका नयाँ–नयाँ दलका नेताहरुसँग आफ्नो कुनै प्रष्ट एजेण्डा छैनन् । उनीहरु किन राजनीति गर्न आएका छन् ? राजनीति कति दिनसम्म गर्ने ठेगान छैन ? सिस्टम खराब भएर नयाँ दलहरु राजनीतिमा आएका छन् । पुरानो प्रणाली भने विकल्पमा कुन प्रणाली लिएर अगाडि बढ्ने हुन् त्यस विषयमा पनि प्रष्ट छैनन्।

यदि राजनीतिक प्रणाली खराब हो भने यसै प्रणालीमा राजनीतिक गर्न किन आएका छन् ? यदि नेताहरु खराब हुन् भने यिनै नेताहरुले नेतृत्व गरेको सरकारमा किन मन्त्री बन्न तयार भए ? मन्त्री किन बने ? भ्रष्टाचारीहरुसँग सहकार्य र सहयात्रा गर्नेहरु आफूलाई कसरी स्वच्छ राख्न सक्नेछन् ? रास्वपा भित्रको अन्तरकलह यसको असामयिक अन्त्यको प्रारम्भ हो।

# मुख्य राजमार्गमा प्रीमनसुनमै समस्या

**प्रदीप बस्याल**

वैशाख पहिलो साता भएको प्रीमनसुन वर्षासँगै नारायणगढ–बुटवल सडक खण्डमा पर्ने दाउन्नेमा दिनहुँजसो घण्टौँको अवरोध देखा प¥यो । महेन्द्र राजमार्गको १४ किलोमिटर लामो खण्ड पार गर्न चार–पाँच घण्टा लाग्ने अवस्थालाई सामान्य मान्न थालेका यात्रुहरूले त्यसबीचको एक दिन झण्डै २४ घण्टा साँघुरो पहाडी सडकमा बिताए । अवस्था अझै फेरिएको छैन । दिनहुँ हजारौँ संख्यामा गाडी गुड्ने सडकमा सामान्य वर्षा हुनासाथ फेरि घण्टौँ लामो जामको सकस शुरु भइहाल्छ।

‘बर्खामा त्यो झनै जटिल बन्ने अवस्था देखिन्छ, त्यसैले मनसुनका बेला चल्न सक्ने अवस्थामा राख्ने उपायबारे हामी केही दिनमै छलफल गर्दैछौँ,’ सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले बीबीसीसँग भने । ‘हाम्रो सोचमा त्यहाँनिर पर्ने निर्माणाधीन कल्भर्टहरू सकेसम्म सक्ने, थप कल्भर्ट र सडक वारपार हुने नाली नखन्ने र निकै जटिल अवस्था हुने ठाउँमा ग्राभेल गरेरै भए पनि सडक सुचारु राख्नुपर्छ भन्ने छ।’

तेस्रोपटक म्याद थप भएर पनि अझै पूरा नभएको सडक विस्तार तथा स्तरोन्नतिको काम अन्यत्र कम्तीमा दुई लेन पूरा गर्ने लक्ष्य राखिए तापनि दाउन्ने खण्डको काम भने नसकिनेमा अधिकारी तथा ठेकेदार दुवै पक्षले निक्र्यौल गरिसकेका छन्।

### आपसी विकल्प आवश्यक

सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले दाउन्ने बाहेकका बाटोमा अन्य वैकल्पिक सडकहरू रहे पनि ती सडकहरूमा पनि जटिलताहरू रहेको बताउँछन् । ‘विकल्पको रूपमा रहेको भनेको कालिगण्डकी कोरिडोर हो । जुन निकै घुमाउरो बाटो हुँदै पाल्पा पुगेर बुटवल आउनुपर्छ । बुटवल पुग्ने सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्ड बर्खामा सधैँ अस्थिर नै रहन्छ,’ उनी भन्छन्।

एकजना सडक सुरक्षासम्बन्धी विज्ञले देशका पूर्वपश्चिम जोडिने तीन मुख्य राजमार्गहरू एक अर्काको विकल्प बन्ने गरी योजना बनाउन नसक्दा बर्सेनि यस्तो जटिलता देखिएको टिप्पणी गर्छन्।

‘हुलाकी सडक, महेन्द्र राजमार्ग र मदन भण्डारी राजमार्ग झण्डै ५० किलोमिटर आसपास भएर पनि आवश्यक पर्दाका अवस्थामा ती एकअर्काका विकल्पका रूपमा सहयोगी बन्न सक्ने देखिँदैनन्,’ यूकेको युनिभर्सिटी अफ वेस्ट अफ इङ्ल्याण्डका अनुसन्धानदाता पुष्पराज पन्त भन्छन् । ‘ती सडकलाई एकअर्कासँग ठाउँ ठाउँमा जोड्ने रणनीति हाम्रोजस्तो भौगोलिक जटिलता भएको ठाउँका लागि राम्रो उपाय हो।’

यतिखेर खासगरी राजधानी जोडिने सबैजसो राजमार्गमा यो वर्खायाममा निर्माणका कारण अपुरो अवस्थामा रहेको सडकको सास्ती झेल्नुपर्ने अवस्था रहेको विभागले जनाएको छ । गत मध्यअसोजको विध्वंसकारी बर्खाको मार परेका देशका धेरैतिरका सडक अझै पुरानै अवस्थामा आउन नसकेकाले यात्रुहरूका लागि कठिन हुने अवस्था देखिएको विभागले जनाएको हो।

धुलिखेल र बर्दिबास जोड्ने बीपी राजमार्गको झण्डै १२ किलोमिटर खण्ड पूरै निर्माण गर्नुपर्ने अवस्था रहेकाले केही ठूलो पानी पर्दाको अवस्थामा त्यहाँ सवारी नै नचल्ने गरेको अधिकारीहरूले बताएका छन् । ‘त्यहाँ केही अस्थायी काम गरिरहेका छौँ तर त्यसको स्वरूप नै अस्थायी भएकाले केही अस्वाभाविक बर्खा भयो भने रोकिने अवस्था छ,’ प्रवक्ता अर्याल भन्छन् । ‘अधिक वर्षा नहुँदाको अवस्थाका लागि कच्ची बाटोमा दुःख नै भए पनि बाटो सुचारु राख्ने प्रयास हामीले गरिरहेका छौँ।’

अधिकारीहरूले त्यस राजमार्गमा ठूला पहिरो खसेका कारण त्यहाँ अग्ला–अग्ला पर्खाल बनाउनुपर्नाका साथै खोलाछेउमा थप गहिरो जग राख्नुपर्ने अवस्था रहेको बताउँछन् । त्यहाँ स्थायी स्वरूपको निर्माणका लागि अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता भएसँगै ठेक्का आह्वान भएका छन् । अर्बौँ रुपैयाँ खर्च हुने उक्त काम सक्न कम्तीमा दुई वर्ष लाग्ने अधिकारीहरूको भनाइ छ । पृथ्वी राजमार्ग अन्तर्गत विभिन्न खण्ड विभाजन गरेर स्तरोन्नतिका काम भइरहेकामा बर्खाअघि नै मुङ्लिन–पोखरा खण्डको काम धेरैजसो सकिएर सकस नहुने अवस्था बन्ने सडक विभागको भनाइ छ । तर मुङ्लिनदेखि नागढुङ्गा खण्डमा भने एक तिहाइ पनि काम नसकिएको अवस्था रहेकाले हिलाम्य र खाल्डाखुल्डी सडकको सकस बेहोर्नुपर्नेछ।

‘यसमा हामीले झ्याप्लेखोला र कृष्ण भीरजस्ता गत वर्षामा दुःख दिएका ठाउँलाई आपत्कालीन अवस्था मानेर छिटो छिटो गरेर बर्खा अगावै काम सक्ने प्रयास भइरहेको छ,’ विभागका प्रवक्ता अर्यालले भने । ‘तर पनि यो बर्खामा धेरैतिर यस सडकमा काम सकिने छैन र निर्माणाधीन अवस्थाका कारण समस्याहरू आउन सक्छन् । त्यसैले बर्खामा धेरै जोखिम भएका ठाउँमा मेसिन–औजार राखेर विशेष अवस्थामा बाहेक दुई घण्टाभित्र खुलाउने तयारीमा छौँ।’

काठमाडौँ–कोदारी समेट्ने अरनीको राजमार्गमा गत असोजको बर्खाले तीनवटा पुल बगाएको थियो । त्यसक्रममा त्यहाँ दुई वटा खोला लिपिङ र लार्चामा बेलिब्रिज जोडिएका छन् भने तातोपानी सुख्खा बन्दरगाह नजिकै थप एउटा जडान बर्खा अगावै सक्नेगरी काम भइरहेको सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्याल बताउँछन्।

‘अर्कोतिर यही राजमार्गमा समस्या रहेको भनेको धुलिखेल–खावा खण्डमा हो । जहाँ धेरै वर्षदेखि काम हुन नसकेपछि ठेक्का तोडिएको र पुनः अदालती आदेश आएका कारण जटिलता उत्पन्न भएको अवस्था छ । तर त्यहाँ पनि सडक सञ्जालनमा राख्न विभागले केही अस्थायी काम गर्नुपर्ने अवस्था छ,’ उनी भन्छन् । त्यसबाहेक असोजकै वर्षाका कारण पुल बगेको मेची राजमार्गमा हेवा खोलामा मनसुन अगावै बेलिब्रिज जडान गरिसक्न लागि परे पनि त्यसबाहेकका ठाउँमा समेत पहिरोका जोखिम आसन्न बर्षायाममा रहने प्रवक्ता अर्याल बताउँछन्।

‘गाईघाट र दिक्तेल जोडिने सगरमाथा राजमार्गमा एउटा पुल बगेको हुनाले बर्खायाममा फोक्सिङटारसम्म पुगेर सुनकोसी वारपार गर्न गाडी बदल्नुपर्ने अवस्था रहनेछ,’ अर्याल भन्छन् । ‘यहाँ अस्थायी रूपले बेलिब्रिज जडान गरिएको छ जुन वैशाख अन्तिम वा जेठ १५ गतेतिरबाट निकालिनेछ । त्यहाँ १२० मिटरको पक्की पुल रहेकामा हामीसँग ५० मिटरको मात्र बेलिब्रिज भएकाले बर्खामा त्यो काम लाग्नेछैन ।’ त्यसैगरी भैरहवा–पोखरा जोडिने सिद्धार्थ राजमार्गमा बर्खाका बेला सिद्धबाबाको भागमा ढुङ्गेपहिरोले दुःख दिने गर्छ जुन अवस्था पछिल्लो प्री–मनसुन वर्षा हुने बित्तिकै समेत देखा परेको थियो । त्यहाँ निर्माण गरिएको सुरुङको ब्रेकथ्रु भए तापनि बर्खामा त्यो सञ्चालन भई नहाल्ने अधिकारीहरूले बताएका छन् । सडक विभागका प्रवक्ता अर्यालले उक्त खण्डमा समेत बर्खामा समस्या आउन सक्ने भएकाले त्यहाँ समस्या आउँदाका बखत सुल्झाउने गरी तयारी थालिने बताउँछन्।

‘त्यस खण्ड पहिलेदेखि नै बर्खामा ढुङ्गा खसेर बाटो अवरुद्ध हुने सडक भएकाले स्थायी समाधानका लागि सुरुङ बनाइएको हो । त्यसबाहेक भौगोलिक हिसाबले केराबारी खण्डमा पनि पहिरोको उच्च जोखिम छ ।’ राजधानीलाई हेटौँडासँग जोड्ने कान्ति लोक पथको बागमती नदीमा पुल निर्माणको काम बर्खा अगावै सकिने भए पनि खण्डमा पुरानै चलायमान पहिरोको समस्या नसुल्झिएकाले बर्खाका बेला भरपर्दो विकल्प ठानिहाल्ने अवस्था नरहेको बताउँछन् । कम्तीमा आउँदो एक वर्ष सडकका हिसाबले धेरैतिर समस्या हुने अवस्था यथार्थ भए पनि वर्षा केन्द्रित रणनीति बनाएर सडक विभाग सक्रिय हुने उनी दाबी गर्छन् । बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# ‘याक संरक्षणका लागि सङ्गठित प्रयास आवश्यक’

**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले याकपालनले हिमाली समुदायको आयआर्जन, खाद्य र पोषण सुरक्षा, प्राङ्गारिक खेती तथा वातावरणीय सन्तुलनमा महत्त्वपूर्ण योगदान पु¥याइरहेको बताएका छन् ।
प्रथम राष्ट्रिय याक दिवसका अवसरमा मन्त्रालयले आईतवार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले भौगोलिक चुनौती, बसाइँसराइ, चरन क्षेत्रको अभाव, प्रजननसम्बन्धी समस्या, जङ्गली जनावरको आक्रमण, जलवायु परिवर्तन जस्ता कारणले नेपालमा याक चौँरीको सङ्ख्या घट्दो क्रममा रहेकाले याक चौँरी पालनका लागि सङ्गठित प्रयास आवश्यक रहेको बताए ।
याक चौँरीको संरक्षण र दिगो उपयोगमार्फत हिमाली क्षेत्रको खाद्य सुरक्षा, जलवायु अनुकूलन, जैविक विविधताको




संरक्षण र ग्रामीण जीवनशैलीको सशक्तीकरण नै अबको साझा लक्ष्य रहेको उल्लेख गरे । मन्त्री अधिकारीले हिमाली जनजीवनको अविभाज्य अङ्ग बनेका याक चौँरीलाई संरक्षण, सुधार र व्यावसायिक रूपान्तरणमार्फत नव जीवन दिनु हाम्रो साझा उत्तरदायित्व रहेकोमा जोड दिए ।
मन्त्रालयको अग्रसरतामा सरकारले याक र चौँरीको महत्वलाई आत्मसात गर्दै प्रत्येक वैशाख ७ गते राष्ट्रिय याक दिवसका रुपमा मनाउने निर्णय गरेको उल्लेख गर्दै मन्त्री अधिकारीले याकको संरक्षण एवं प्रवद्र्धनका लागि सोलुखुम्बुको स्याङ्बोचेमा याक आनुवांशिक स्रोत केन्द्र सञ्चालन ल्याइएको बताए । केन्द्रले याकको शुद्ध नस्ल संरक्षण, आनुवंशिक सुधार, प्रविधि विस्तार र प्रसारमा महत्वपूर्ण कामको सुरुवात गरेको बताए । आगामी दिनमा याक चौँरीको दिगो विकास सुनिश्चित गर्न मन्त्रालय प्रतिबद्ध रहेको पनि उनले सुनाए ।
‘याक चौँरी प्रवद्र्धनः हिमाली जीवन, संस्कृति र पर्यावरण संरक्षण’ भन्ने मूल नाराका साथ पहिलो पटक याक दिवस मनाइएको हो । राष्ट्रिय याक दिवसका अवसरमा याकपालक कृषकलाई पनि सम्मान गरिएको छ । याकलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ । नेपालमा मात्र उत्पादन हुने विश्व प्रसिद्ध याक चिज ‘ओमेगा–३ फ्याटी एसिड’को स्रोत रहेको छ ।
याकको दूधबाट बनेको छुर्पी हिमाली क्षेत्रका किसानको आम्दानीको प्रमुख स्रोतका रुपमा रहेको छ । हिमाली क्षेत्रको सभ्यताका रुपमा समेत याक रहेको संरक्षणकर्मीको भनाइ छ । याकको छाला र पुच्छरबाट बन्ने वस्तु निर्यातको प्रचुर सम्भावना बोकेका उत्पादन हुन् । रासस

# सडक दुर्घटनामा दुईको मृत्यु १४ जना घाइते

**तनहुँ ।**
डुम्रे–बेँसीसहर खण्ड अन्तर्गतको भानु नगरपालिका–१० कालीमाटीमा आज माइक्रोबस र स्कुटर ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् ।
डुम्रेबाट लमजुङतर्फ जाँदै गरेको बा२ख ४०२२ नम्बरको माइक्रोबस र विपरीत दिशाबाट आउँदै गरेको ग२६प ४०५८ नम्बरको स्कुटर एकआपसमा ठोक्किँदा माइक्रोमा सवार एक र स्कुटरमा सवार एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिए । मृतकको सनाखत हुन बाँकी छ ।
माइक्रोबसमा सवार पुरुषको लमजुङमा र स्कुटरमा सवार महिलाको दमौली अस्पतालमा मृत्यु भएको बताए । उनका अनुसार गम्भीर घाइते भएका स्कुटर चालकलाई उपचारका लागि चितवन मेडिकल कलेज पठाइएको छ । माइक्रोबस चालक सिन्धुपाल्चोकका मानबहादुर घलेलाई नियन्त्रणमा लिइएको छ । रासस

# पूर्वराष्ट्रपति, उपराष्ट्रपतिलाई पुनःराजनीतिमा फर्कन बन्देज छैन’



**मोरङ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)ले पूर्वराष्ट्रपति एवं उपराष्ट्रपतिलाई राजनीतिमा पुनः फर्कन कुनै बन्देज नभएको बताएका छन ।
विराटनगर विमानस्थलमा आइतवार सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनँले पूर्वराष्ट्रपति एवं उपराष्ट्रपतिलाई राजनीतिमा पुनः फर्कन संवैधानिक कानुन र अन्तरराष्ट्रिय परम्पराले पनि नरोक्ने बताए ।
माओवादी केन्द्रका अध्यक्ष दाहालले शनिबार प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र आफूबीच भएको बैठक शान्ति प्रक्रिया टुङ्ग्याउने विषयमा केन्द्रित भएको जानकारी दिए ।
अध्यक्ष दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका निम्ति तीन राजनीतिक दलबीच कुनै किसिमको विमति नरहेको स्पष्ट गरे ।
रासस

# छुट्टाछुट्टै दुर्घटनामा १० जनाको मृत्यु

**काठमाडौँ**
मुलुकका विभिन्न जिल्लामा सवारी दुर्घटना, डुबेर र करेन्ट लागेर पछिल्लो २४ घण्टामा १० जनाको मृत्यु भएको छ । ललितपुर, कपिलवस्तु, ताप्लेजुङ, बैतडी, सुनसरी, बर्दिया, सुर्खेत, कञ्चनपुर, सिरहा र बाँकेमा भएका दुर्घटनामा उनीहरूको ज्यान गएको हो ।
ललितपुर, महालक्ष्मी नगरपालिका–७ लुभु चाँगाथलीमा बागमती प्रदेश ०१–००३ क ८७३० नम्बरको ट्याक्टरको ठक्करबाट सोही स्थानका राजन सञ्ज्यालका दुई वर्षीय छोरा प्रजन सञ्ज्यालको घटनास्थलमा मृत्यु भएको छ । ट्याक्टर चालकलाई नियन्त्रणमा लिई अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
कपिलवस्तुको बुद्धभूमी नगरपालिका–१ टिक्करमा ट्याक्टर र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकल सोही स्थानका ६० वर्षीय गौतम केसी तथा ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–६ चाँगामा मे १त ७७५८ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही स्थानका २८ वर्षीय भुछिरिङ शेर्पाको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।
बैतडीको डिलासैनी गाउँपालिका–६ बाङ्गबगरमा गोकुलेश्वरबाट पन्ज्युनयातर्फ जाँदै गरेको बसबाट खसेर दोगडाकेदार गाउँपालिका–४ कपिन्नाका २७ वर्षीय विष्णुराज भट्ट, सुनसरीको इटहरी उपमहानगरपालिका–२० पानीपियामा कार अनियन्त्रित भई दुर्घटना हुँदा इटहरी–१ का ४० वर्षीय विष्णु राउतको मृत्यु भएको छ,भने दुई जना घाइते भएका छन् । प्रहरीका अनुसार घाइते दुई जनाको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।
बर्दियाको मधुवन नगरपालिका–३ मा भएको सवारी दुर्घटनामा मधुवन–२ का २८ वर्षीय जानकु थारूको मृत्यु भएको छ,भने एकजना घाइते भएका छन् । त्यस्तै, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–२ गाडीको ठक्करबाट पैदलयात्री जुम्ला हिमा गाउँपालिका–३ का ५५ वर्षीय कालीबहादुर बुढाको मृत्यु भएको छ ।
कञ्चनपुरको लालझाडी गाउँपालिका–६ ढक्का चान्देउस्थित मछली खोलामा डुबेर सोही स्थानका ११ वर्षीय सिद्धार्थ विकको मृत्यु भएको छ । साथीहरूसँग पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका विकको खोजीका क्रममा शव फेला परेको इलाका प्रहरी कार्यालय बेलौरीले जनाएको छ ।
त्यस्तै, सिराहाको सुखीपुर नगरपालिका–२ जगतपुर टोलका दिनेश यादवका चार वर्षीय छोरा धीरोज यादव घर नजिकै रहेको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।नेपालगञ्ज उपमहानगरपालिका–१ का अमिन दर्जीको घरमा सवामिटर जडान गर्ने क्रममा नेपालगञ्ज–११ का २८ वर्षीय चानबाबु खाँनको मृत्यु भएको हो । सबै घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस

# मतदाता नामावली अद्यावधिक गर्दै निर्वाचन आयोग

**काठमाडौँ ।**
निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक कार्यक्रमलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला र मतदातामा अनुरोध गरेको छ ।
त्यस कार्यक्रमका लागि अनलाइनमार्फत निवेदन पेस गर्न वा सम्बन्धित निर्वाचन कार्यालयमा सम्पर्क गर्न पनि आयोगले भनेको छ ।
निर्वाचन आयोगबाट स्वीकृत मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ बमोजिम अद्यावधिक कार्यक्रम सञ्चालन हुन लागेको आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिए ।
उक्त कार्यक्रम बमोजिम गत चैत मसान्तसम्म १८ वर्ष उमेर पूरा भएका नागरिकको विवरणलाई वैशाख १ गतेबाट अद्यावधिकको प्रक्रिया प्रारम्भ भैसकेको छ ।
मतदाताहरूको प्रारम्भिक नामावली आयोगको वेवसाइट www.election.gov.n p मा प्रकाशन समेत भएकामा अद्यावधिक कार्य सम्पन्न भएपछि वैशाख मसान्तमा अन्तिम मतदाता नामावली प्रकाशन हुने उनले जानकारी दिए ।
आयोगका अनुसार, मतदाता नामावली अद्यावधिक प्रयोजनका लागि प्रकाशित प्रारम्भिक नामावलीमा त्रुटि भए सच्याउन, कुनै व्यक्तिको विरोधमा उजुरी दिनु पर्ने भए दिन सकिने छ । त्यसैगरी एकभन्दा बढी स्थानमा नाम समावेश भएमा हटाउन तथा मृत्यु भएका एवम् नागरिकता त्याग गरेकाको नाम मतदाता नामावलीबाट हटाउन यही वैशाख ७ देखि १४ गतेसम्म सम्बन्धित निर्वाचन कार्यालय वा अनलाइनमार्फत् निवेदन दिन सकिने व्यवस्था मिलाइएको आयोगले जनाएको छ ।
यस अवधिमा पनि नयाँ नाम दर्ता तथा अद्यावधिक कार्य निरन्तर भइरहने पनि आयोगले स्पष्ट पारेको छ । रासस

# एमालेले बैशाख ११ को युवा भेला बिशेष हुने

**काठमाडौं ।**
नेकपा एमालेले बैशाख ११ लोकतन्त्र दिवसको अवसरमा काठमाडौंमा आयोजना गर्ने विशेष कार्यक्रमको तयारीलाई तीव्र बनाएको छ ।
जनताले जितेको दिन युवा सेलिब्रेसन कार्यक्रम आयोजनाका लागि पार्टी महासचिव शंकर पोखरेलकै नेतृत्वमा एमाले नेतृत्व परिचालित भएको छ । युवालाई लोकतन्त्र ल्याउनको लागि भएको बलिदान र यसको महत्त्व बारे जानकारी दिन विशेष कार्यक्रम आयोजना गर्न लागिएको कार्यक्रमको समन्वयमा खट्नु भएका पार्टी संगठन विभाग सचिव माधव



ढुङ्गेलले जानकारी दिए।
सो क्रममा आज नेकपा एमालेबाट काठमाडौं उपत्यकामा निर्वाचन जितेका जनप्रतिनिधिहरूको भेला आयोजना गरिएको थियो । भेलालाई पार्टी महासचिव शंकर पोखरेल, जनसंगठन समन्वय प्रमुख भानुभक्त ढकाल लगायतले सम्बोधन गरेका थिए । भेलाले युवा सहभागिताका लागि विभिन्न योजना बनाएको छ । आजै सोही विषयमा केन्द्रित रहेर जनसंगठनका पदाधिकारीहरूको भेला पनि सम्पन्न भएको छ । भेलामा जनसंगठनको तर्फबाट युवा सहभागिताको विषयमा छलफल गरी योजना बनाइएको ढुङ्गेलले जानकारी दिए । भेलालाई पार्टी महासचिव शंकर पोखरेल र जनसंगठन समन्वय प्रमुख भानुभक्त ढकालले सम्बोधन गरेका थिए ।
यसै बिच कार्यक्रमलाई प्रभावकारी बनाउन पार्टीको उपत्यका कोर सिटी स्थानीय पार्टी नेतृत्वसँगको बैठक पनि गरिएको छ । बैठकलाई पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, महासचिव शंकर पोखरेल लगायतले सम्बोधन गरेका थिए ।
बैशाख ११ गते दिउँसो १ बजे भृकुटीमण्डपमा हुने कार्यक्रम सफल बनाउन पार्टी महासचिव शंकर पोखरेलको नेतृत्वमा उपमहासचिव प्रदीप ज्ञवाली र विष्णु रिमाल रहेको मुख्य टिम बनेको छ ।

# ‘उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति’ सञ्चालन गर्नुपर्ने माग

**काठमाडौँ**
दलित समुदायका अगुवाहरुले ‘उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति’ सञ्चालन गर्नुपर्ने माग गर्दै माइतिघर मण्डलामा आईतवार धर्ना दिएका छन् ।
नेपाल पिछडावर्ग (ओबिसी) महासङ्घको नेतृत्वमा दलित समुदायका अगुवाहरुले ‘पिछडिएको समुदाय (ओविसि) उत्थान विकास समिति’ र ‘वादी समुदाय उत्थान विकास समिति’लाई यथाशीघ्र सञ्चालन गर्नुपर्ने माग गर्दै धर्ना दिएका हुन् ।
महासङ्घका अध्यक्ष गजेन्द्र ठाकुरले तीन वटै विकास समितिमा रिक्त रहेको पदमा जतिसक्दो चाँडो पदाधिकारी नियुक्ति गर्नुपर्नेमा जोड दिए । तीनवटै विकास समितिमा लामो समयदेखि कार्यरत अवकासित कर्मचारीलाई पुनःनियुक्ति गर्नुपर्ने उनको भनाइ छ ।
महासङ्घले राष्ट्रिय समावेशी आयोगले पिछडा वर्गको थर सूचीकरणको लागि गरिएको सिफारिस मन्त्रिपरिषद्बाट पास गरी यथाशीघ्र (ओबिसि) आरक्षण लागू गर्नुपर्ने, सरकार र नेपाल पिछडावर्ग (ओबिसि) महासङ्घ, दलित सङ्घ तथा वादी समुदायबीच भएको सम्झौता लागू गर्न सरकारसँग अनुरोध गरेको छ ।रासस

# दुई दिने धर्म, संस्कृति सम्मेलन आयोजना गरिँदै

**काठमाडौँ ।**
नेपाल धर्म संस्कृति अध्ययन सङ्घ (एएससिआर–नेपाल)ले संस्कृति तथा सम्पदासम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ ।
सङ्घले नेशनल कलेजसँगको सहकार्यमा धर्म, संस्कृति तथा सम्पदाको अनुसन्धानलाई अघि बढाउने उद्देश्यसहित पहिलो राष्ट्रिय सम्मेलन गर्न लागेको हो । सम्मेलन यही वैशाख ११ र १२ गते नेशनल कलेज, धुम्बाराहीमा हुनेछ । सम्मेलनको उद्देश्य ‘विगत र वर्तमानको समन्वयः सांस्कृतिक अभ्यास र धर्मको बुझाइ’ रहेको नेपाल धर्म संस्कृति अध्ययन सङ्घका अध्यक्ष प्राडा सोमप्रसाद खतिवडाले जानकारी दिए ।
सम्मेलनमा ३२ जना अनुसन्धानकर्ताले धर्म, संस्कृति, पुरातत्व तथा सम्पदासँग सम्बन्धित कार्यपत्र प्रस्तुत गर्नुहुनेछ । सम्मेलनले मुलुकभरका नयाँ र अनुभवी अनुसन्धानकर्ता, प्राध्यापक तथा संस्कृतिसँग सम्बन्धित सरोकारवालालाई एकै ठाउँमा ल्याउन सहयोग पु¥याउने प्राडा खतिवडाले जानकारी दिए ।
युवा अनुसन्धानकर्ताका लागि विशेष रूपमा तयार पारिएको प्राज्ञिक लेखनबारे ११ गतेको पहिलो सेमिनारले सहयोग गर्ने जनाइएको छ । वैशाख १२ गते सम्मेलनका सबै भावमा समूहगत छलफल हुने जनाइएको छ ।
सम्मेलनमा विश्वविद्यालयका प्राध्यापक, शिक्षक, विद्यार्थी र नेपालको मूर्त तथा अमूर्त सम्पदाको अध्ययन, अनुसन्धान र संरक्षणमा आवद्ध विभिन्न सङ्घ संस्थाका प्रतिनिधि सहभागी हुनेछन् ।
सम्मेलनका अनुसन्धानमूलक कार्यपत्रलाई कलेजले नियमित प्रकाशन गर्ने जर्नलमा प्रकाशित गरिने सह–आयोजक नेशनल कलेजका प्राचार्य माधव न्यौपानेले बताए । सम्मेलनमा काठमाडौँ विश्वविद्यालयका उपकुलपति अच्युतप्रसाद वाग्ले र त्रिभुवन विश्वविद्यालयका पूर्वकुलसचिव पेशल दाहाल प्रमुख वक्ता रहने जनाईएको छ।
रासस

# खानेपानीमन्त्री यादवद्वारा धौलिगाड खानेपानी आयोजनाको अनुगमन

**जुम्ला ।**
खानेपानीमन्त्री प्रदीप यादवले जिल्लामा निर्माणधीन खानेपानी आयोजनाको अनुगमन गरेका छन । शनिबार जुम्ला पुग्नुभएका उनले तातोपानी गाउँपालिका–१ मा निर्माणाधीन धौलिगाड खानेपानी आयोजनाको अवलोकन गरेका हुन ।
आयोजना अनुगमनपछि सञ्चारकर्मीसँगको छलफलमा मन्त्री यादवले कर्णाली प्रदेशका दुर्गम जिल्लासहित जुम्लाका स्थानीयले वर्षौंदेखि भोग्दै आएका खानेपानीसहित विविध समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे । ‘यहाँका विद्यमान समस्याका बारेमा प्रत्यक्ष जानकारी लिने अवसर पाएँ । ती समस्या समाधान गर्न योजनाबद्ध रूपमा काम गर्दै जानेछौँ’, उहाँले भने ।
जिल्लाको हिमा गाउँपालिका–१ देवारगाउँमा आईतवार आयोजना हुने बास सम्मेलनमा सहभागिता जनाउन, यहाँको खानेपानीसम्बन्धी समस्या बुझेर समाधानका उपाय पहिचान गर्न मन्त्री यादवसहित मन्त्रालयका सचिव इञ्जिनीयर प्रमिलादेवी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनीयर रामकुमार श्रेष्ठलगायत मन्त्रालयका कर्मचारी पुगेका हुन । उक्त टोलीले मुलुकको पहिलो कर्णाली प्राविधिक शिक्षालय जुम्लाको अवलोकन समेत गरहेका थिए ।रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ । आईतवार परिसूचक १६ दशमलव ६८ अङ्कले घटेर दुई हजार ७०६ दशमलव ०४ को विन्दुमा कायम भएको हो ।

आइतवार तीन सय २८ कम्पनीको दुई करोड १३ लाख २३ हजार नौ सय ६७ कित्ता शेयर ७४ हजार ४५ पटक खरिदबिक्री हुँदा आठ अर्ब ४३ करोड ३५ लाख ८९ हजार सात सय ८५ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५२ र व्यापार समूह एक दशमलव ०२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७०, विकास बैंक शून्य दशमलव ७९, वित्त एक दशमलव २७, होटल तथा पर्यटन एक दशमलव ३६, जलविद्युत् एक दशमलव २२ र लगानी समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ ।

त्यस्तै, जीवन बिमा शून्य दशमलव ८७, लघुवित्त शून्य दशमलव ५४, म्युचुअल फन्ड शून्य दशमलव २३, निर्जीवन बिमा शून्य दशमलव २२ र अन्य समूह एक दशमलव ०३ प्रतिशतले घटेको छ ।

आजको कारोबारमा सबैभन्दा धेरै नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य सात दशमलव ३३ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै राधी विद्युत् कम्पनी लिमिटेडको ६८ करोड ७६ लाख ९७ हजार तीन सय ६८ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने बलेफी हाइड्रोपावर लिमिटेडको सबैभन्दा धेरै २४ लाख ८३ हजार सात सय ६३ कित्ता शेयर किनबेच भएको छ ।रासस

# औद्योगिक महोत्सवमा स्थानीय हस्तकला प्रदर्शनी

**भक्तपुर ।**
नयाँ वर्ष तथा बिस्केट जात्राका अवसरमा भक्तपुरको सल्लाघारी चौरमा आयोजना गरेको नवौँ भक्तपुर औद्योगिक सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव २०८१÷८२ मा एक लाख ७५ हजारले अवलोकन गरेका छन् ।

'नयाँ वर्ष नयाँ सोच युवाहरूको लागि छ प्रगतिको स्रोत' नाराका साथ औद्योगिक शान्ति नेपाल संस्थाले उपभोक्ताको हितमा ध्यान दिँदै गत चैत १८ गतेबाट सुरु गरेको ११ दिने महोत्सवमा एक लाख ७५ हजारभन्दा बढीले अवलोकन गरेको संस्थाका अध्यक्ष सन्दीप महतले जानकारी दिए ।

महोत्सवमा दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्री, खाद्यान्नका सामग्री, भाँडाकुँडाका साथै विभिन्न प्रकारका लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकलाका सामग्री प्रदर्शनी तथा बिक्रीका लागि राखिएको उनले बताए ।

औद्योगिक उत्पादनको प्रदर्शनी, सूचना तथा विज्ञान प्रविधिको प्रदर्शनी, अटोमोबाइल प्रदर्शनी, आधुनिक कृषि औजार प्रदर्शनी, मोबाइल तथा इलेक्ट्रोनिक्स एवं स्थानीय हस्तकला, कृषि उत्पादनलाई सामानको व्यापार तथा प्रदर्शनी एवं बिक्रीका लागि प्रदर्शनी कक्षहरू राखिएको उनले जानकारी दिए ।

महोत्सवका संयोजक दीपक थापाले महोत्सवमा साना बालबालिकाका लागि बाल उद्यान, ड्रागन ब्रेक डान्स, नाउ तथा विभिन्न प्रकारका बच्चाको खेलौनास्थलका साथै रोटे पिङ, रेनजर, मारुती सर्कस, स्थानीय खाना महोत्सवका साथै दैनिक राष्ट्रिय कलाकारको विशेष साङ्गीतिक प्रस्तुतिले दर्शकलाई आकर्षित गरेको बताउनुभयो ।

राष्ट्रियस्तरका कलाकारको हास्यव्यङ्ग्य तथा फेसन र्‍याप तथा नृत्य, नृत्य प्रतियोगिताले महोत्सव थप आकर्षणका रूपमा रहेको उनले जानकारी दिए ।

महोत्सवमा एक सय ५० कक्षमा राखिएका सामानमा २० देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको अध्यक्ष महतले जानकारी दिए ।रासस

# विदेशबाट फर्किएका युवा बाख्रापालन व्यवसायमा संलग्न



**दाङ ।**
वैदेशिक रोजगारबाट फर्किएका यहाँका युवा पशुपालन पेसामा आबद्ध हुँदै गएका छन् । जिल्लाका युवाहरू भैँसी, कुखुरा, बाख्रालगायत पेसा, व्यवसायमा संलग्न भएका हुन् । बाहिरी देशमा भनेजस्तो तलब र काम नपाइने जनाउँ युवाहरू पछिल्लो समय पशुपालन व्यवसायबाट मनग्य आम्दानी गरिरहेका छन् ।

दाङमा मामा भान्जा मिलेर विगत तीन वर्षदेखि व्यावसायिक रूपमा बाख्रापालन व्यवसाय गर्दै आएका छन । घोराही उपमहानगरपालिका–१२ रमनामा बुद्ध बाख्रा फार्ममार्फत व्यवसायमा जोडिएका ३४ वर्षीय भान्जा जनक बुढा र उनका मामा ५४ वर्षीय मनबहादुर बुढा बाख्रापालन व्यवसायबाट सन्तुष्ट छन । जनक पाँच वर्ष र मनबहादुर २५ वर्ष रोजगारका लागि साउदीमा जीवन व्यतित गरेका हुन ।

किसान जनक विदेशबाट आएर बाख्रापालन व्यवसाय सुरु गरेको बता उछन । उनले भने, "वार्षिक रूपमा बाख्राको बिक्रीबाट एक वर्षमा १० लाख रुपैयाँ आम्दानी हुन्छ ।" तर बाख्राको दानापानी, औषधिलगायतमा खर्च हुने हुँदा त्यति धेरै बचत गर्न सकिएको छैन । "अरुको देशमा बसेर सोचेजस्तो कमाई गर्न नसकिएको हुँदा अहिले आफ्नै देशमा बाख्रापालन व्यवसायबाट सन्तुष्ट छौँ, भोलिका दिनमा व्यवसायलाई बढाउँदै लैजाने उनको सोच छ ।

फार्ममा हाल ७५ वटा बोयर, खरी र लोकल जातका बाख्रा छन् । दुई बिघा जग्गा भाडामा लिएर बाख्रापालन गर्दै आएका अर्का किसान मनबहादुर बुढा बताउछन । बाबुबाजेले गरेको पेसा पशुपालन भएकाले यही नै उत्तम व्यवसाय लागेको उनको भनाइ छ ।

घाँसका लागि आफैँ छर्ने गरेको हुँदा घाँसको समस्या नहुने उनि बताउछन । गत वर्ष मात्रै ५४ वटा बाख्रा रोग लागेर मरेका कारण दुई लाख ५० रुपैयाँ बढी घाटा भएको उनले सुनाए । यसैलाई निरन्तरता दिँदै जाँदा सफल हुँदै जानेमा उनिहरू आशावादी छन । उनिहरूले एउटा खसीलाई ५४ हजार रुपैयाँ सम्म बिक्री गर्ने गरेका छन ।

फार्ममा धेरै काम भएका बेला घरपरिवारले पनि सहयोग गर्ने भएको हुँदा अन्य कामदारको आवश्यक नपर्ने गरेको मनबहादुर बताउछन । सुरुमा आठवटा बाख्राबाट सुरु गरेको व्यवसाय हाल भने बढ्दै गएको छ ।

पछिल्लो समय जिल्लामा व्यावसायिक रूपमा नै बाख्रापालन गर्ने युवाको सङ्ख्या बढ्दो छ । बाख्राको बजार मूल्य राम्रो भएपछि किसान व्यवसायमा आकर्षित भएका हुन् । किसानले घरघरमा थोरै भए पनि बाख्रा पालेर सामान्य घर खर्च चलाउने गरेका छन् । विशेषगरी गाउँघरमा किसानले घरमा दुई–चारवटा माउबाख्रा पालेर कमाएको रकम छोराछोरीको पढाइ खर्च, घर खर्च र केही रकम बचत गर्न थालेका छन् । जसले गर्दा दुई–चार रुपैयाँको समस्या बाख्रापालन व्यवसायले टर्ने गरेको किसान बताउँछन् । बाख्रापालन व्यवसायमा बजारीकरणको समस्या नहुने भएकाले यसबाट राम्रो आम्दानी गर्न सकिने किसानको भनाइ छ ।रासस

# मौरीपालक किसानको सङ्ख्या बढ्यो: यसवर्ष उत्पादन घट्यो

**चितवन ।**
गत वर्ष विसं २०८० को तुलनामा विसं २०८१ मा एक हजार ७० टनले मह उत्पादनमा कमी आएको छ । अघिल्लो वर्ष चार हजार ९४५ टन मह उत्पादन भएकामा गत वर्ष सो उत्पादन घटेर तीन हजार ८७५ टनमा झरेको छ ।

नेपाल मौरीपालक महासङ्घका अध्यक्ष सुवाषचन्द्र घिमिरेका अनुसार अघिल्लो वर्षको मह बिक्री नहुनु, चरन क्षेत्रको विवाद, विषादीको अनियन्त्रित प्रयोग, मौरीजन्य उपकरणको मूल्यवृद्धि, महँगो ढुवानी, नक्कली मह र मिसावटयुक्त महको बिगबिगीलगायत कारण यस वर्ष मह उत्पादनमा कमी आएको हो ।

उनले भने, 'लगानीको अभाव, बजारको सुनिश्चितता नहुनुले यस पेसाबाट किसान पलायन हुने खतरा बढेको छ ।' अघिल्लो वर्षका तुलनामा मौरीपालक किसानको सङ्ख्या बढे पनि मह उत्पादनमा भने कमी आएको हो । अघिल्लो वर्ष आठ हजार १०० किसानले मौरीपालन गरेकामा गत वर्ष यो सङ्ख्या बढेर आठ हजार ३९८ किसानले मौरीपालन गरेका छन् । तीमध्ये व्यावसायिक मौरीपालन गर्ने किसानको सङ्ख्यामा कमी आएको छ ।

व्यावसायिक मौरीपालन गर्ने किसान अघिल्लो वर्ष एक हजार ९६५ रहेकामा गत वर्ष घटेर एक हजार ५६८ जनामा झरेको उनले बताए । उनीहरूले मेलीफेरा मौरी पाल्दै आएका छन् । घरपालुवा सेरेना मौरी पाल्ने किसानको सङ्ख्या भने बढेको छ ।

अघिल्लो वर्ष यस जातको मौरी पाल्ने किसान सङ्ख्या छ हजार १३५ रहेकामा गत वर्ष यो सङ्ख्या बढेर छ हजार ८३० पुगेको उनले बताए ।

उनीहरूले २०८१ सालमा ९१ हजार ४३५ मेलिफेरा र एक लाख ८० हजार ५७८ गोला सेरेना मौरी पालेका थिए । विसं २०८० मा तीन हजार १४३ टन मह मौज्दात रहेकामा २०८१ मा १९७ टन मह मौज्दात रहेको महासङ्घले जनाएको छ ।रासस

# आर्थिक, व्यापार र भू–राजनीतिक सम्बन्धबारे द्विपक्षीय वार्ताका लागि भारत भ्रमण गर्दै भान्स

**नयाँदिल्ली ।**
अमेरिका र भारतले आर्थिक अवसरहरू खोल्न र द्विपक्षीय व्यापार सम्झौताका लागि वार्ता गर्न खोजिरहेका बेला अमेरिकी उपराष्ट्रपति जेडी भान्स सोमबार भारतको चार दिने भ्रमणमा जाँदै छन ।

भान्सले नयाँदिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग अर्थव्यवस्था, व्यापार र भूराजनीतिक सम्बन्धबारे छलफलका लागि भेट गर्ने छन ।

भान्सको भ्रमणलाई राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले एक महत्त्वपूर्ण कूटनीतिक मिसनको रूपमा हेरेको छ र यो वासिङ्टन र बेइजिङबीच द्रुत गतिमा बढेको व्यापार युद्धसँग मेल खान्छ । बेइजिङ यस क्षेत्रमा नयाँदिल्लीको मुख्य प्रतिद्वन्द्वी हो ।

भारत र अमेरिकाबीच व्यापार सम्झौताले दुई देशबीचको आर्थिक सम्बन्धलाई उल्लेखनीय रूपमा बढाउन सक्छ र सम्भावित रूपमा कूटनीतिक सम्बन्धलाई बलियो बनाउन सक्छ ।हालै एक खर्ब ९० अर्ब डलरको द्विपक्षीय व्यापारका साथ अमेरिका भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार पनि हो ।भारतको विदेश मन्त्रालयले यो भ्रमणले 'दुवै पक्षलाई द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्ने अवसर प्रदान गर्नेछ' र दुई नेताले 'आपसी हितको क्षेत्रीय र विश्वव्यापी घटनाक्रममा विचार आदानप्रदान गर्नुहुनेछ' भनेका छन ।

राष्ट्रिय गुप्तचरकी निर्देशक तुलसी गबार्ड भू–राजनीतिक सम्मेलनका लागि भारत आएको केही हप्तापछि र मोदीले वासिङ्टनमा ट्रम्पलाई भेटेको दुई महिनापछि भान्सको भारत आगमन हुने भएको हो ।

ह्वाइट हाउसमा फर्केपछि ट्रम्पसँग वार्ता गर्न र भेट गर्न अमेरिका जाने मोदी पहिलो नेताहरूमध्ये एक हुन । आफ्नो भ्रमणका क्रममा मोदीले अमेरिकासँग 'मेगा साझेदारी' को प्रशंसा गरेका थिए र अमेरिकी वस्तुहरूको विस्तृत शृङ्खलामा पहिले नै भन्सार दर कटौती गरिसकेपछि ट्रम्पको भन्सार दरको सम्भावित प्रभावलाई कम गर्न वार्ता प्रक्रिया सुरु गरेका छन ।

यद्यपि ट्रम्पले आफ्नो अहिले रोकिएको भन्सार दर कार्यक्रमको हिस्साको रूपमा भारतलाई २६ प्रतिशत लेभीको लक्ष्य बनाए । यसले भारतीय निर्यातकर्ताहरूलाई अस्थायी राहत प्रदान गरेको छ ।

आफ्नो भ्रमणका क्रममा मोदीले आफू अमेरिकी वस्तुहरूमा थप भन्सार दर कटौती गर्न, कागजातविहीन भारतीय नागरिकहरूलाई फिर्ता पठाउन र सैन्य उपकरण खरिद गर्न तयार रहेको भन्दै आउँदै गरेका व्यापार अवरोधहरूलाई नरम पार्ने प्रयास गरे । दुई देश द्विपक्षीय व्यापार सम्झौता प्राप्त गर्ने तर्फ वार्ता सुरु गर्न पनि सहमत भए ।

मोदीले शुक्रबार एलन मस्कसँग कुरा गरेको र स्पेसएक्स सिइओसँग 'प्रविधि र नवप्रवर्तनका क्षेत्रहरूमा सहकार्यको अपार सम्भावनाबारे छलफल गरेको' र 'भारत यी क्षेत्रहरूमा अमेरिकासँगको साझेदारी अगाडि बढाउन प्रतिबद्ध रहेको छ' भने ।भारत द्विपक्षीय व्यापार, प्रत्यक्ष विदेशी लगानी, रक्षा सहयोगका लागि अमेरिकाको नजिकको साझेदार हो भने इन्डो–प्यासिफिक क्षेत्रमा चीनको बढ्दो प्रभाव विरुद्ध लड्न एक महत्त्वपूर्ण रणनीतिक मित्र हो ।यो संयुक्त राज्य अमेरिका, भारत, जापान र अस्ट्रेलियाबाट बनेको क्वाडको पनि एक हिस्सा हो । क्वाडलाई यस क्षेत्रमा चीनको विस्तार विरुद्ध सन्तुलनका रूपमा हेरिन्छ ।एप्पल इङ्क र गुगल जस्ता प्रमुख अमेरिकी कम्पनीहरूले हालका वर्षहरूमा भारतमा आफ्नो सञ्चालन विस्तार गरेका छन् । गत महिना मस्कको स्टारलिङ्कले भारतका दुई शीर्ष टेलिकम अपरेटरहरूसँग उपग्रह–आधारित इन्टरनेट सेवाहरू प्रदान गर्न सम्झौता गरेको थियो ।

व्यापार सम्बन्धलाई थप बढावा दिन अमेरिका र भारतले अपेक्षित व्यापार सम्झौता अन्तर्गत सन् २०३० सम्ममा उनीहरूको द्विपक्षीय व्यापारलाई पाँच खर्ब डलरभन्दा बढी गरी दोब्बर बनाउने महत्त्वाकांक्षी लक्ष्य राखेका छन् ।

वार्ताहरू विशेष गरी नयाँदिल्लीका लागि अत्यावश्यक छन् किनभने यो ट्रम्पको पारस्परिक भन्सार दरहरूबाट कडा प्रहार हुन सक्छ, विशेष गरी कृषि, प्रशोधित खाद्य, अटो कम्पोनेन्ट, उच्च–अन्त मेशिनरी, चिकित्सा उपकरण र गहना क्षेत्रहरूमा ।

देशको अर्थतन्त्रलाई सुधार्ने र निर्यात–नेतृत्व पुनप्र्राप्तिका साथ रोजगारी सिर्जना गर्ने आशा गरेको मोदी सरकारका लागि यसले उल्लेखनीय चुनौती पेश गर्दछ ।

मोदीले ट्रम्पको पहिलो कार्यकालमा राम्रो कार्य सम्बन्ध स्थापित गर्नुभएको थियो । चिनियाँ राष्ट्रपति सी जिनपिङले वासिङ्टनसँगको बढ्दो तनावका बीच बेइजिङलाई एसिया–प्रशान्त क्षेत्रमा भरपर्दो व्यापार साझेदारको रूपमा राख्ने लक्ष्य राखेका कारण यी दुई नेताले विशेष गरी व्यापारमा आफ्ना देशबीचको सहयोगलाई अझ बढाउने सम्भावना रहेको देखिन्छ ।

भारतले पनि ट्रम्पलाई जित्न पहिले नै धेरै कदमहरू चालेको छ । भारतले अमेरिकाबाट पाँचौँ पुस्ताको स्टील्थ लडाकू जेटहरू सहित थप तेल, ऊर्जा र रक्षा उपकरणहरू खरिद गर्नेछ ।

तथापि अमेरिकाले भारतमा आफ्नो कृषि र डेरी उत्पादनहरूका लागि बजारमा बढी पहुँच चाहन्छ तर कृषि क्षेत्रले देशको अधिकांश कामदारलाई रोजगारी दिने भएकाले नयाँदिल्ली अहिलेसम्म अनिच्छुक रहेको छ ।

भान्सको भारत भ्रमण उनको देशको पहिलो आधिकारिक भ्रमण हो । भ्रमणमा दोस्रो परिवारका लागि थप महत्त्व छ । उनकी पत्नी उषा भान्स – एक अभ्यासरत हिन्दू – दक्षिण भारतबाट आएका आप्रवासीहरूकी छोरी हुन ।

आफ्नो संस्मरण 'हिलबिली एलेजी' मा भान्सले आफ्नी पत्नीलाई 'भारतीय आप्रवासीहरूकी अत्यन्त बुद्धिमान छोरी' भनेर वर्णन गरेका छन । उषालाई उनले येल ल स्कूलमा भेटेका थिए ।एपी

# गुजरातको पाँचौ जीतसँगै शिर्ष स्थानमा

**काठमाडौं ।**
गुजरात टाइटन्सले इन्डियन प्रिमियर लिगमा आइपिएलमा पाँचौ खेल जीत हासिल गरेको छ ।

जोस बटलरको उत्कृष्ट प्रदर्शनप्रेरित गुजरात टाइटन्सले इपिएल मा शनिबार दिल्ली क्यापिटल्सविरुद्ध सात विकेटको जित निकालेको हो । अहमदाबादस्थित नरेन्द्र मोदी रंशालामा दिल्लीले प्रस्तुत गरेको २०४ रनको लक्ष्य घरेलु टोली गुजरातले ४ बल बाँकी रहँदा ३ विकेट गुमाउँदै पूरा गरेको थियो ।गुजरातका लागि बटलरले ५४ बलमा ११ चौका र चार छक्काको मद्दतले अविजित ९७ रनको योगदान गरेका थिए भने शेर्फेन रदरफोर्डले ४३, साई शुदर्शनले ३६ र राहुल तेवाटियाले अविजित ११ रन बनाएका छन । जोसले तेस्रो विकेटका लागि शेर्फेनसँग ११९ र दोस्रो विकेटका लागि साइसँग ६० रनको साझेदारी गरेका थिए ।

उता, दिल्लीका लागि मुकेश कुमार र कुलदीप यादवले समान एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको दिल्लीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै २०३ रनको योगफल तयार पार्यो । दिल्लीका लागि कप्तान अक्षर पटेलले ३९, आशुतोष शर्माले ३७, करुण नायर र ट्रिस्टन स्टब्सले समान ३१, केएल राहुलले २८ र अविषेक पोरेलले १८ रन बनाए ।

चौथो विकेटका लागि अक्षर र ट्रिस्टनले ५३ रनको साझेदारी गरेका थिए । गुजरातका लागि प्रसिद्ध कृष्णाले चार तथा मोहम्मद सिराज, इशान्त शर्मा, साई किशोर र अर्शद खानले समान एक विकेट लिए ।जितसँगै सात खेलमा १० अंक जोडेको गुजरात शीर्ष स्थानमा उक्लिएको छ । पराजित दिल्ली समान खेलबाट १० अंकका सात दोस्रो स्थानमा झरेको छ ।

# आठौँ संस्करणको भोजपुर गोल्डकप वैशाख १४ देखि २० गतेसम्म

**भोजपुर ।**
भोजपुरको प्रतिष्ठित आठौँ अन्तरराष्ट्रिय आमन्त्रित मेयर गोल्डकप प्रतियोगितामा भारतको एक टिमसहित नेपालका सात टिमले सहभागिता जनाउने भएका छन् । प्रतियोगितामा जर्जियन फुटबल क्लब भारतसहित सशस्त्र प्रहरी बल नेपाल काठमाडौँ, चर्च ब्वाइज युनाइटेड काठमाडौँ, एलएक्स सिटी मोरङ, भगवती स्पोर्ट्स क्लब खोटाङ, नवोबुद्ध फुटबल क्लब सप्तरी, सलहेश फुटबल क्लब सिरहा र आयोजक भोजपुर जिल्ला फुटबल सङ्घले सहभागिता जनाउने आयोजकले जनाएको छ ।

जिल्ला फुटबल सङ्घको आयोजना तथा भोजपुर नगरपालिकाको मुख्य प्रायोजनमा प्रत्येक वर्ष जिल्ला सदरमुकाममा सञ्चालन हुँदै आएको प्रतियोगिता यस वर्ष भने यही वैशाख १४ देखि २० गतेसम्म सञ्चालन हुने छ । भोजपुर –७ कोदारमा रहेको रङ्गशालामा सञ्चालन हुने प्रतियोगिताका लागि भोजपुर नगरपालिकाले ३० लाख रुपैयाँ सहयोग गरेको छ भने अन्य थप रकम सहप्रायोजकबाट सङ्कलन गरिने आयोजक संस्थाले जनाएको छ ।

प्रतियोगिताका विजेता तथा उपविजेताले उपाधिसहित क्रमशः नगद पाँच लाख रुपैयाँ र तीन लाख पाउने छन् । अन्य व्यक्तिगत विधातर्फ पनि सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षकलाई पुरस्कारको व्यवस्था गरिएको आयोजक जिल्ला फुटबल सङ्घका अध्यक्ष प्रवीण सुवालले जानकारी दिए ।

गत वर्ष सञ्चालन भएको सातौँ संस्करणमा चर्च ब्वाइज युनाइटेड, काठमाडौँले त्रिभुवन आर्मी क्लबलाई पेनाल्टी सुटमा ४–२ गोलले पराजित गर्दै विजेता बनेको थियो । गत वर्ष पनि जर्जियन फुटबल क्लब भारत, त्रिभुवन आर्मी क्लब काठमाडौँ, चर्च ब्वाइज युनाइटेड काठमाडौँ, राजारानी फुटबल क्लब धनकुटा, डाँगीहाट युथ क्लब मोरङ, सलहेश युवा क्लब सिरहा, भगवती स्पोर्ट्स क्लब खोटाङ र आयोजक भोजपुर जिल्ला फुटबल सङ्घले प्रतियोगितामा भाग लिएको थियो ।रासस

# लागुऔषधसहित १२ जना पक्राउ

**काठमाडौँ**
देशका विभिन्न स्थानबाट प्रतिबन्धित लागुऔषधसहित १२ जना पक्राउ परेका छन् । मकवानपुर, चितवन, मोरङ, कैलाली, कञ्चनपुर, सुर्खेत, सङ्खुवासभालगायत जिल्लाबाट लागुऔषधसहित १२ जना पक्राउ परेका हुन् ।
मकवानपुरको हेटौँडा उपमहानगरपालिका–१५ पिपलबोटबाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित हेटौँडा–४ हुप्राचौर बस्ने १९ वर्षीय विशाल सार्की र मोरङको विराटनगर महानगरपालिका–१५ बैंक रोडबाट सुन्दरहरैँचा नगरपालिका–२ बस्ने ३१ वर्षीय सरन डाँगी पक्राउ परेका लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरले जनाएको छ । चितवनको भरतपुर महानगरपालिका–२६ सिसुवारबाट नियन्त्रित लागुऔषध ट्रामाडोल र गाँजा जस्तो देखिने पदार्थसहित भरतपुर–२६ बस्ने ६१ वर्षीया शान्तिकुमारी महतो र २५ वर्षीय विशाल सुनार पक्राउ परेका इलाका प्रहरी कार्यालय चनौलीले जनाएको छ ।
त्यस्तै, कैलालीको कैलारी गाउँपालिका–१ सडकपुरबाट कैलारी–८ दुधिया बस्ने २५ वर्षीय सञ्जुकुमार चौधरी, कञ्चनपुरको बेलौरी नगरपालिका–१ हनुमानथानबाट डडेल्धुरा गन्यापधुरा गाउँपालिका–३ सकायल बस्ने ३९ वर्षीय करनबहादुर देउवा र ३५ वर्षीय रोहित शाही, भीमदत्त नगरपालिका–११ गड्डाचौकीबाट शुक्लाफाँटा नगरपालिका–११ बस्ने २५ वर्षीय रामबहादुर विष्ट पक्राउ परेका सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ ।
स्थायी प्रहरी पोष्ट गोठीकाँडाका अनुसार सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–१४ कटुकाबाट ब्राउनसुगर जस्तो देखिने पदार्थसहित बाँकेको नेपालगञ्ज उपमहानगरपालिका–१४ बस्ने २१ वर्षीय अनिश नेपाली पक्राउ परेका हुन् ।
सङ्खुवासभाको धर्मदेवी नगरपालिका–४ तिरतिरे बस्ने २८ वर्षीय रामबहादुर अधिकारी, २६ वर्षीय केशव घिमिरे र मादी नगरपालिका–६ पुलुङ बस्ने ३८ वर्षीय देवेन्द्र थापालाई अवैध लागुऔषध अफिम जस्तो देखिने पदार्थसहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालय चैनपुरले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।रासस

# असोज बाढीपहिरोः सातमहिनापछि बल्ल काभ्रेमा निजी आवासको क्षति आकलन सुरु

**काभ्रेपलाञ्चोक ।**
२०८१ असोज दोस्रो साताको अविरल वर्षापछिको बाढीपहिरोले काभ्रेपलाञ्चोकमा बागमती प्रदेशमै सबैभन्दा बढी जनधनको क्षति पुर्यायो । घटनाको करिब सात महिनापछि सरकारले यहाँ सबैभन्दा बढी जनधनको क्षति भएको रोशी गाउँपालिकाबाट निजी आवासको विस्तृत क्षति आकलन सुरु गरेको छ ।
गृहमन्त्री रमेश लेखकले रोशी गाउँपालिका–२ नारायणटारबाट बुधबार यसको सुरुआत गरेका छन । उनले उक्त पालिकाको वडा नं २ का तीन जना पीडितलाई क्षति आकलन निस्सा प्रदान गर्दै विस्तृत क्षति आकलनको सुरुआत गरेका हुन ।त्यस दिन पीडित स्थानीय धनसिंह लामा, राजन बोहोरा क्षेत्री र शुभद्रा सेञ्जुरीले गृहमन्त्रीबाट निस्सा प्राप्त गरे । उक्त घटनामा अतिप्रभावित रोशी गाउँपालिकाबाट यस कार्यको शुभारम्भ गरिएको र अब प्रभावित सबै पालिकामा यसरी नै क्षति आकलन गर्नेगरी गृहमन्त्री लेखकले गृहकार्य गर्न निर्देशनसमेत दिए । पीडितलाई निस्सा प्रदान गर्नुअघि लेखकले बाढीपहिरो प्रभावित नारायणटारको अवलोकन गरेका थिए ।
गृहमन्त्री लेखकले प्रक्रियागत रूपमा बाढीपहिरोबाट प्रभावितको पुनर्निर्माणको कार्य सुरु गर्न ढिलो भएको स्वीकार गर्दै उनले अस्थायी आवास निर्माणका लागि दुई चरणमा ५० हजार रुपैयाँ र स्थायी घर निर्माणका लागि सरकारको तर्फबाट क्रमशः अनुदान उपलब्ध गराउने जानकारी गराए । सरकारले बुधबार मात्र अस्थायी आवास निर्माणका लागि काभ्रेमा सात करोड ३५ लाख रुपैयाँ निकासा गरेको छ भने काभ्रेपलाञ्चोकमा विस्तृत क्षति आकलनका लागि १८ जना प्राविधिक खटाइएको छ । यसको सहजीकरणका लागि स्थानीय जनप्रतिनिधि तथा प्रमुख जिल्ला अधिकारीलाई विशेष रूपमा ध्यानाकर्षण गराइएको छ ।
रोशी गाउँपालिकामा पाँच सय ६३ घर क्षति भएका छन् । रोशीमा तीनवटा क्लस्टर बनाएर क्षति आकलनको काम सुरु गरिएको छ । यसमा प्राविधिकले क्षति हेरेर विवरण निर्धारण गरेपछि मात्र सोहीअनुसार गाउँपालिकाले काम सुरु गर्ने छ ।
बढीपहिरोबाट विस्तृत क्षति आकलनपछि जिल्लामा पुनर्निर्माणको काम सुरु गर्न सहज भएकाले अब यसले गति लिनेमा आफू विश्वस्त रहेको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल बताउछन ।"अब प्रभावित क्षेत्रका निजी घरका साथै पुल, भौतिक संरचना, तटबन्धनलगायत पूर्वाधार निर्माणमा पनि सरकारले सहयोग गर्न सहज हुने विश्वास गरेका छौँ", ढकालले भने ।राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सिइओ दिनेश भट्ट पीडितले अस्थायी र स्थायी आवास निर्माणको काम एकैपटक गर्न चाहेमा त्यो पनि सम्भव भएको तर त्यसका लागि विस्तृत क्षति आकलनको काम भने अनिवार्य हुनुपर्ने बताउछन । उन भने "यसअघि स्थानीय तहले प्राधिकरणको पोर्टलमा प्रविष्ट गरेको र अबको पूर्ण क्षति आकलनबाट एकीन तथ्याङ्कबाट अझ प्रभावकारी राहत÷अनुदानका लागि सहज हुनेछ ।"
नेपाली कांग्रेसका केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईँले आउँदो वर्षाअघि रोशीमा जाने सडक निर्माणमा जोड दिनसके मात्र अस्थायी र स्थायी आवास निर्माण गर्न सकिने बताउँदै फलामेटारमा बाढीले बगाएर केही बाँकी रहेको पुललाई जोगाउन नसके आगामी दिन अझ कठिन हुने भन्दै सरकारको ध्यानाकर्षण गराएका छन ।
बाढीपहिरोबाट काभ्रेपलाञ्चोकमा ८१ जनाको निधन भएको छभने छ जना अझै बेपत्तामा सूचीकृत भएका छन् । यहाँ अर्बौंका भौतिक संरचना, पुल, अस्पताल, विद्यालय, सङ्ग्रहालयलगायत बाढीपहिरोले क्षति पुर्याएको थियो । बाढीपपहिरोले जिल्लाको १३ स्थानीय तहमध्ये पनौती नगरपालिकाको रोशी क्षेत्र तथा रोशी र बेथानचोक गाउँपालिकमा सबैभन्दा बढी जनधनको क्षति पुगेको थियो ।

# दुई दशकपछि सडक स्तरोन्नति

**बागलुङ ।**
निरयघाट, तीन दशक अघिसम्म बागलुङ प्रवेश गर्ने एकमात्र नाका थियो । विसं २०१३ अगाडिसम्म बागलुङवासी डुङ्गामा कालीगण्डकी तरेर पर्वतको खनियाघाट हुँदै पोखरा, काठमाडौँलगायत ठाउँमा आवतजावत गर्थे । त्यसबेला सडकले बागलुङ जोडिएको थिएन । पोखरा–बागलुङ राजमार्ग निर्माण भएपछि २०५१ सालमा मालढुङ्गामा मोटरेबल पुल बन्यो । त्यसपछि बागलुङवासी खनियाघाटमा पुगेर काली तर्ने बाध्यता हटेको हो ।
मालढुङ्गामा बनेको पुलबाट यात्रा गर्न थालेपछि निरयघाट ओझेलमा पर्यो । तत्कालीन जिल्ला विकास समितिले १२ लाख रुपैयाँ विनियोजन गरेर गणेश घुम्तीबाट सडक निर्माण गर्यो र ओझेलमा परेको नियरघाटलाई जोड्यो । आर्थिक वर्ष २०६०÷६१ मा खुलेको सोही सडक दुई दशकपछि स्तरोन्नति हुँदैछ । विश्व बैंकको लगानीमा 'सहरी शासकीय पूर्वधार विकास कार्यक्रम'अन्तर्गत गत असारदेखि उक्त सडकको स्तरोन्नति गर्न थालिएको हो ।
कालीगण्डकी नदीको तटमा रहेको निरयघाट बागलुङवासीको दाहसंस्कार गर्ने मुख्य घाट अर्थात् दाहस्थल पनि हो ।
दैनिकजसो सयौँ नागरिक कालीगण्डकीमा स्नान गर्न पुग्छन् । सडक खुलेको दुई दशकसम्म स्तरोन्नति नहुँदा सबैभन्दा बढी सास्ती मलामीले



भोग्नुपरेको स्थानीयको गुनासो छ । अप्ठ्यारो सडकमा शव बोकेर हिँडेका कति मलामी घाइते भए, त्यसको लेखाजोखा छैन ।
अहिले भने त्यसरी सास्ती र सकस खेपेका मलामीमात्र होइन, साँघुरो सडक त्यसमाथि खाल्डाखुल्डी, हिलो र धुलोले वर्षौंदेखि आजित बनेका निरयघाट र माझी बस्तीका स्थानीय खुसी छन् । पोहोर सालसम्म सडकको धुलोले घरको छानो र पिँढी ढपक्क ढाकिने गरेको बागलुङ नगरपालिका–१ माझी बस्तीका ७५ वर्षीय बलबहादुर माझी बताए ।
उनले भने, "अहिले पैदल हिँड्ने सडक पनि सहज हुँदै गएको छ, सडक विस्तार हुँदै गएपछि अन्त्येष्टिका लागि धेरै त सिधैँ गाडीमा घाटमै पुग्न थालेका छन् ।"
निरयघाट पहिलेको तुलनामा सडक सुविधाले फराकिलो र विस्तारित छ । तर, यस क्षेत्रको विकासका नाममा गरिएको जथाभावी डोजर प्रयोग र पूर्वाधारले कुरुप तथा जोखिम बढाएको छ । स्थानीय महेन्द्र आचार्य सडक विस्तारलगायत पूर्वाधार विकासमा स्थानीयसँग कुनै पनि समन्वय नगरी निर्माण कम्पनीले सडक फारिकलो र नाली बनाउँदा खुला चौर मासिएको बताउछन । अव्यवस्थित रूपमा नाली निर्माण गर्दा निरयघाट कुरुप बनेको उनको भनाइ छ । सडक स्तरोन्नतिपश्चात खनियाघाटवासीको जीवनशैलीमा परिवर्तन आउने आचार्य बताउछन ।
माझीबस्तीकी ७५ वर्षीया फूलमाया माझीले सडक व्यवस्थित बन्न थालेपछि धुलो र हिलो कम भएको बताए । पुस÷माघमा घाम ताप्न आँगनमा बस्दा धुलो उडेर एकैछिनमा फोहर बनाइदिने गरेको उनको भनाइ छ । सरकारले सडक स्तरोन्नति गर्न धेरै ढिला गरेको माझीले बताए ।
उक्त सडक स्तरोन्नति गर्न गत वर्ष जेठमा फेवा÷आशिष जेभीले जिम्मा पाएको थियो । सात करोड ५० लाख रुपैयाँमा आगामी असार ३० गतेसम्म उक्त सडक कालोपत्र गर्ने योजना रहेको निर्माण कम्पनीका इन्जिनियर मनोज शर्माले जानकारी दिए । हालसम्म ६० प्रतिशत काम सकिएको उनको दाबी छ ।
"काम तीव्रगतिमा भएको छ, हामीहरूले योसँगै ढोडेनी र मूलपानी सडकको एकमुष्ट जिम्मा पाएका हौँ, जसका लागि ४९ करोड २१ लाख रुपैयाँमा सम्झौता भएको छ, अहिले नाली निर्माण गर्ने, सडक फराकिलो बनाउने काम गरिरहेका छौँ", इन्जिनियर शर्माले भने, "मौसमले साथ दिए यो महिनाभित्रमा निरयघाट सडक कालोपत्र गरिसक्ने छौँ ।"
सडकको सहजतापछि निरयघाटमा फेरि एकपटक चहलपहल बढ्ने देखिन्छ । शान्त वातावरण र स्वच्छ हावापानी रहेको निरयघाटमा मानव सेवा आश्रमको भवन निर्माणाधीन छ भने वृद्धाश्रम बनिसकेको छ । यस ठाउँलाई ध्यान केन्द्रका रूपमा विकास गर्न सके निरयघाट क्षेत्र सम्भावना हुँदाहुँदै पनि ओझेलमा परेकाले पर्यटन प्रवद्र्धन गर्न सडकले महत्त्वपूर्ण भूमिका खेल्ने बागलुङ नगरपालिकाका प्रमुख बुसन्तकुमार श्रेष्ठले बताए । निरयघाटलाई 'इको टुरिजम'का रुपमा विकास गर्न सकिने उनको भनाइ छ ।
पर्वतको खनियाघाट, बागलुङको निरयघाट र माझीबस्तीलाई बागलुङ बजारसँग सिधा जोड्नका लागि पक्की सडक बनाउन थालेको उनको भनाइ छ । कृषि उत्पादनका हिसाबले निरयघाट उर्वर रहेकाले किसानले उत्पादन गरेका वस्तुलाई बजारीकरण गर्न बढी सघाउ पुग्ने उनले बताउछन ।
"नदी छेउमा रहेको हुँदा निरयघाटमा मत्स्यपालनको सम्भावना छ, तरकारीखेती, एग्रो टुरिजम पनि राम्रो हुने सम्भावना देखेका छौँ, धार्मिक उद्यान बनाउने योजना छ", प्रमुख श्रेष्ठले भने ।रासस

# सम्झौताको नौ वर्षपछि दोदामा पुल निर्माण

**कञ्चनपुर**
कञ्चनपुरको कृष्णपुर नगरपालिका र लालझाडी गाउँपालिका भुली पर्सिया जोड्ने दोदा नदीको पुल सम्झौता भएको नौ वर्षपछि निर्माण हुँदैछ ।
पुल निमार्णका लागि २०७२ पुसमा लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभी कैलालीसँग २४ करोड २२ लाख ५७ रुपैयाँ हजारमा ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार पुल निमार्णको काम २०७५ पुससम्म सम्पन्न गर्नुपर्ने भए पनि सम्झौता भएको नौ वर्षपछि पुल निर्माण हुन लागेको छ ।
डिभिजन सडक कार्यालयका सबइन्जिनियर भोजराज रानाका अनुसार पुल निमार्णको सम्झौताअनुरुप त्यतिबेला काम सुरु भएर तीन पिलरसम्म निर्माण भएका थिए । तर पुलको फाउन्डेसनमा समस्या देखिएपछि पुल निर्माण हुन नौ वर्ष लाग्यो । पिलरको



फाउन्डेसनमै समस्या देखिएपछि लागत नबढ्ने गरी डिजाइन परिवर्तन गरेर अर्को स्थानमा पुल निर्माण गर्नुपरेको उनले बताए ।पुल निर्माणका लागि २०७२ सालमा सम्झौता भए पनि पुलको फाउन्डेसनमा समस्या आएकाले पुनः डिजाइन परिर्वतन गरेर अर्को स्थानमा पुल बनाउनुपर्ने हुँदा निर्माणमा ढिलाइ भएको सबइन्जिनियर रानाले बतायो । उनले भने, "अहिले पुल निमार्णको काम तीव्रगतिमा भइरहेको छ असारसम्म सक्ने तयारी छ ।" सम्झौताअनुसार पुल निमार्णको काम आगामी माघमा सक्नुपर्ने छ । पुल निर्माण कम्पनी लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभीका इन्जिनियर किशोरराज पाण्डेयले पुलको ६० प्रतिशत काम सम्पन्न भइसकेको जानकारी दिए ।
दोदा नदीमा पुल नहुँदा वर्षौंदेखि यहाँका स्थानीयवासीले आवतजावतमा समस्या झेल्दै आएका छन् । बर्खायाममा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन् । खोलामा पुल नहुँदा नदी तर्ने क्रममा केही वर्ष अगाडि लालझाँडीका दुई जनाले ज्यान गुमाइसकेको स्थानीय रघुवीर राना बताउँछन् ।
"नदीपारि बसाइ र वारि खेतबारीको काम गनुपर्ने भएकाले ज्यान जोखिममै राखेर बर्खामा नदी तर्नुपथ्र्यो", उनले भने, "अहिले त पुल आधा बनिसक्यो, हामी खुसी छौँ ।" रासस

# विद्युत् सेवा पटकपटक अवरुद्ध हुँदा उपभोक्ता समस्यामा

**खोटाङ ।**
दश स्थानीय तह रहेको जिल्लाका ९६ प्रतिशत घरपरिवार उपभोक्ताले विद्युत् उपभोग गरेको पाइएको छ । नेपाल विद्युत् प्राधिकरणले गरेको सर्वेक्षणअनुसार ८६ प्रतिशत उपभोक्ताको घरमा केन्द्रीय प्रसारण लाइन तथा १० प्रतिशतमा माइक्रो हाइड्रो र सोलार ग्रिडबाट विद्युत् बलेको पाइएको हो ।
केन्द्रीय प्रसारण लाइनको विद्युत् विस्तार भएको २५ वर्ष पूरा हुँदा पनि जिल्लामा अझै दुई हजारभन्दा बढी घरपरिवार उपभोक्तामा विद्युत् पुगेको छैन । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा २०५७ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दिक्तेल बजारमा केन्द्रीय प्रसारण लाइनको विद्युत् औपचारिक रूपमा उद्घाटन गरेका थिए ।
विद्युत् प्राधिकरणले दिएको जानकारीअनुसार जिल्लामा माइक्रो हाइड्रोबाट तीन हजार ४३० र सोलार ग्रिडबाट २८३ घरपरिवार उपभोक्ताले विद्युत् उपभोग गरिरहेका छन् । विद्युतीकरण हुन बाँकी जिल्लाका दुई हजार बढी घरपरिवार उपभोक्तामध्ये कतिपयले अझै पनि मट्टितेलको धिप्री तथा सोलार टुकीको भर पर्नुपर्ने अवस्था रहेको जनाइएको छ ।
विद्युत् बल्न बाँकी घरमा केन्द्रीय प्रसारण लाइनको विद्युत् पुर्याउन पाँच करोड रुपैयाँ बजेट आवश्यक पर्ने विद्युत् प्राधिकरण दिक्तेल वितरण केन्द्रका प्रमुख सोवितबहादुर क्षेत्रीले जानकारी दिए । "हामीले गरेको सर्वेक्षणअनुसार जिल्लाका दुई हजार उपभोक्ताको घरमा विद्युतीकरण हुन बाँकी छ । यसका लागि हामीले केन्द्रमा बजेटसमेत माग गरेका छौँ", उनले भने, "केन्द्रबाट बजेट स्वीकृत भएर आएको खण्डमा आगामी वर्ष नै जिल्लामा पूर्ण विद्युतीकरणको काम सम्पन्न हुन्छ । त्यसका लागि सम्बन्धित ठाउँमा पहल गरिरहेका छौँ ।"
दिक्तेल रुपाकोट मझुवागढी



नगरपालिका–१४ बुइपास्थित सबस्टेशनबाट खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बुका उपभोक्तालाई विद्युत् वितरण गरिएको छ । तीन जिल्लाका उपभोक्ताका लागि वितरण गरिएको केन्द्रीय प्रसारण लाइनको विद्युत्मा पटकपटक समस्या देखिने गरेको छभने उक्त समस्या दीर्घकालीन रूपमा समाधान गर्न टावर अनिवार्य जडान गर्नुपर्ने विज्ञहरूले बताएका छन् ।
जिल्लामा उत्पादन गरिएका तीनवटा जलविद्युत् आयोजनाबाट १०.६ मेगावाट विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिएका छन् । साप्सुखोला जलविद्युत् आयोजना, माथिल्लो रावाखोला साना जलविद्युत आयोजना र मेवाखोला हाइड्रोपावर गरी १०.६ मेगावाट जलविद्युत् ३३ केभी केन्द्रीय प्रसारण लाइनमा जोडिएको हो ।
हलेसी तुवाचुङ नगरपालिका–११ राजापानीस्थित साप्सु खोलाबाट उत्पादन गरिएको साप्सुखोला जलविद्युत् आयोजना ६.६ मेगावाट, केपिलासगढी गाउँपालिका–६ दिप्सुङ र वडा नं ७ सुङ्देलको सिमानामा पर्ने रावाखोलाबाट तीन मेगावाट र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–५ लफ्याङस्थित मेवाखालाबाट एक मेगावाट क्षमताको जलविद्युत् उत्पादन गरिएको छ । जिल्लाका फरक–फरक तीनवटा खोलाबाट उत्पादन गरिएका जलविद्युत् बुइपास्थित ३३ केभी प्रसारण लाइनमा जोडिएका छन् ।
विद्युत् प्राधिकरणले दिएको जानकारीअनुसार जिल्लामा उत्पादित विद्युत्मध्ये तीन भागमा एक भाग पनि खपत भएको छैन । जिल्लामा विस्तार गरिएका केन्द्रीय प्रसारण लाइनको विद्युत् पटकपटक अवरुद्ध हुँदा उपभोक्ता हैरानीमा पर्ने गरेका छन् । यतिसम्म कि अलि बढी पानी पर्दा, अलि ठूलो हावा चल्दा र बाढीपहिरो आउनासाथ विद्युत् अवरुद्ध हुने गरेको छ । एकैदिन दर्जनौँपटक विद्युत् आउने र जाने समस्याले तीन सेवाग्राही मारमा पर्दै आएका
छन् ।
केन्द्रीय प्रसारण लाइनको विद्युत् झ्याप्प आउनेजाने समस्याका कारण विद्युतीय उपकरणमा क्षति पुगेको र नियमित काम गर्न नसकिएको सेवाग्राहीको गुनासो छ । लामो दुरी, जङ्गलको बाटो, होचो खम्बा र ठाउँठाउँमा पहिरो जानाले पटकपटक विद्युत् अवरुद्ध हुने गरेको प्राधिकरणले जनाउँदै आएको छ । रासस

# एउटामा खुल्यो, फेरि अर्को कार्यालयमा तालाबन्दी



**मधेशदृष्टि**
**राजविराज ।**
विगत ९ दिनदेखि सामाजिक विकास इकाई कार्यालयमा गरिएको तालाबन्दी खोलिएकै दिन आइतबार एक पक्षले अर्को सरकारी कार्यालय शिक्षा विकास इकाईमा तालाबन्दी गरेका छन् । मधेश प्रदेश सरकारबाट पठाइएका विभिन्न योजनाका चिठी सम्बन्धित वडा कार्यालयमा नपुगेको र कार्यालय प्रमुखले कतिपय योजनाका चिठी बाटोमै मनपरी ढंगले वितरण गरेको भन्दै २०८१ चैत २९ गते जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवको अगुवाईमा सामाजिक विकास इकाई कार्यालयमा तालाबन्दी गरिएको थियो ।
आइतबार कार्यालय प्रमुख सुशील कुमार झा, जनमत पार्टीका नेता भूपेन्द्र प्रसाद यादव, भगवती प्रसाद यादव र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि डम्बर खंगको उपस्थितिमा भएको छलफल सहमतिमा पुगेपछि तालाबन्दी खोलिएको हो । जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले छलफलमा कार्यालय प्रमुख झाले विगतमा भएको कमिकमजोरी सुधार गरी मधेश प्रदेश सरकारबाट प्राप्त स्वीकृत योजनाका चिठी नियम कानूनअनुसार वितरण गर्ने प्रतिबद्धता जनाएपछि सहमतिमा ताला खोलिएको बताए ।
यता आइतबार नै यहाँस्थित शिक्षा विकास इकाई कार्यालयमा अर्को समूहले तालाबन्दी गरेका छन् । कार्यालय प्रमुख रामहृदय यादवले प्रदेश सरकारबाट प्राप्त विभिन्न योजनाका चिठी मनपरी ढंगले बाँडेको भन्दै कञ्चनरुप नगरपालिकाबाट आएका विभिन्न राजनीतिक दलका प्रतिनिधि र वडाअध्यक्षहरुको अगुवाइमा तालाबन्दी गरिएको हो । उनीहरुले शिक्षा क्षेत्रमा सुधारका लागि प्रदेश सरकारबाट पठाइएको विभिन्न विकासका योजनाका चिठी मनपरी ढंगले बाँडिएको आरोप लगाए ।
यसरी प्रदेश सरकारबाट पठाइएका विभिन्न योजनाका चिठीको वितरण प्रक्रियालाई लिएर एकपछि अर्को कार्यालयमा तालाबन्दी गर्ने क्रम बढेपछि स्थानीयले योजनाका चिठी वितरण प्रक्रियामा सुधार ल्याई ऐन, नियमअनुसार गर्न माग गरेका छन् ।



कर्मचारी सञ्चय कोष र पर्साका कार्यालय प्रमुखबीच छलफलः कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौँडाले आइतबार पर्साका कार्यालय प्रमुखहरुसँग कर्मचारी सञ्चयकोष, सेवा, सुविधा तथा योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष योजना विषयमा गरेको छलफलमा सहभागी कार्यालय प्रमुखहरु ।तस्बिरः हिमाल लम्साल

# सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गणको वार्षिकोत्सव

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर, पर्साले आइतबार वीरगंज महानगरपालिका–१४ पिपरास्थित पिपरा गण परिसरमा भव्य समारोहसहित १८औँ स्थापना दिवस मनाएको छ । औपचारिकता, सम्मान र सांस्कृतिक कार्यक्रमले भरिएको दिवस उत्साहजनक र प्रेरणादायी देखिएको थियो ।



सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौबाजीले सशस्त्र प्रहरी बलको योगदान स्मरण गर्दै देशको सीमा सुरक्षा, आन्तरिक शान्ति र आपतकालीन उद्धार कार्यमा बलले खेलेको भूमिकालाई 'अतुलनीय' भनेर प्रशंसा गरे । 'पर्सा जिल्लामा गणको सक्रियता र समुदायसँगको सहकार्यले शान्ति–सुरक्षालाई मजबुत बनाएको छ,' उनले भने । स्थापना दिवसको अवसरमा धौबाजीले गणका सबै सदस्यलाई शुभकामना दिँदै आगामी दिनमा अझ जिम्मेवार र उत्कृष्ट सेवा दिन प्रेरणा प्रदान गरे ।
कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सशस्त्र प्रहरीको कर्तव्यनिष्ठता र समर्पणको प्रशंसा गर्दै तस्करी नियन्त्रण, अवैध कारोबार रोकथाम र संवेदनशील अवस्थामा संयमता कायम गर्न गणको भूमिकालाई प्रशंसायोग्य बताए । उनले भने, 'स्थानीय प्रशासनसँगको समन्वयमा सशस्त्र प्रहरीले उल्लेखनीय काम गरिरहेको छ ।'
जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख, प्रहरी उपरीक्षक गौतम मिश्रले नेपाल प्रहरी र सशस्त्र प्रहरीबीचको सहकार्यलाई जिल्लाको समग्र सुरक्षा सुदृढ बनाउन 'महत्वपूर्ण साझेदारी'का रूपमा वर्णन गरे । 'सीमा क्षेत्रमा गणको सतर्कता र समुदायसँगको सम्बन्धले हामीलाई सहयोग पुर्याएको छ,' उनले भने ।
समारोहमा गणका जवानहरूले परेड, सांस्कृतिक नृत्य, गायन लगायतका विविध कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रमले उपस्थित अतिथिलाई मनोरञ्जन मात्र होइन, प्रेरणा पनि प्रदान गरेको थियो । विगतमा उत्कृष्ट सेवा पु¥याउने प्रहरी कर्मचारी र विभिन्न संघसंस्थाका प्रतिनिधिलाई सम्मानपत्र र पुरस्कार प्रदान गर्दै गणले उनीहरूको योगदानको कदर गरेको थियो । गण प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले स्थापना कालदेखि हालसम्मको यात्रा र चुनौतीबारे चर्चा गरे । 'हामी सधैँ राष्ट्र र जनताको सेवामा समर्पित छौँ,' उनले भने, 'स्थानीय प्रशासन, सुरक्षानिकाय र समुदायको सहकार्यबिना यो सम्भव थिएन ।'
कार्यक्रममा वक्ताहरूले पर्सा जिल्लाको भारतसँगको खुला सीमालाई दृष्टिगत गर्दै तस्करी नियन्त्रण, अवैध गतिविधिमा निगरानी र सीमावर्ती क्षेत्रमा शान्ति स्थापनाका लागि सशस्त्र प्रहरीको सक्रियता अपरिहार्य रहेको धारणा राखे ।

# कृषि फुड क्वारेन्टाइन माग्दै धर्ना

**मधेशदृष्टि**
**रौतहट ।**
कृषि र फुड क्वारेन्टाइन माग राख्दै व्यापारी तथा व्यवसायीले गौर भन्सार कार्यालयअगाडि धर्ना शुरु गरेका छन् । स्थानीय व्यापारी कौशल साहको नेतृत्वमा आइतबारदेखि दर्जन बढी व्यापारी भन्सार कार्यालयको मुख्य गेटमा धर्नामा बसेका हुन् । गौरमा कृषि तथा फुड क्वारेन्टाइन नहुँदा यहाँका व्यापारी वीरगंज र सर्लाही जानुपर्ने बाध्यता छ ।
पटकपटक सम्बद्ध निकायलाई ध्यानाकर्षण गराउँदा पनि कुनै वास्ता नभएपछि स्थानीय व्यापारीले चैत ३१ गते गौर भन्सार कार्यालय प्रमुखमार्फत अर्थमन्त्रीलाई ज्ञापन पत्र बुझाएका थिए । शनिबारसम्ममा समस्या समाधान नगरिए आइतबारदेखि वैशाख १५ गतेसम्म शान्तिपूर्ण रुपमा धर्ना प्रदर्शन गर्ने र वैशाख १६ गतेदेखि अनिश्चितकालीन भन्सार कार्यालयमा तालाबन्दी गर्ने ज्ञापन पत्रमार्फत व्यापारीहरूले चेतावनी दिएका थिए ।
पूर्व निर्धारित कार्यक्रमअनुसार दिउँसो १२ बजेदेखि धर्ना तथा प्रदर्शन कार्यक्रम शुरु भएको छ । खाद्यान्न, फलफूल, आलुप्याज, तरकारीलगायतका सामान कृषिउपज सामग्री भारतबाट ल्याउँदा कृषि र फुड क्वारेन्टाइन नहुँदा वीरगंज सर्लाही भएर ल्याउँदा ढुवानी खर्चसँगै अनावश्यक समय बढी खर्चिनुपरेको व्यापारीको गुनासो । २०३३ सालमा गौर भन्सार कार्यालय स्थापना भई नियमित सञ्चालन रहेको भए पनि सरकारले ध्यान नदिँदा यहाँको व्यापार व्यवसाय प्रभावित हुनुका साथै वार्षिक लक्ष्यअनुसार राजश्वसमेत संकलन हुन सकेको छैन । व्यापारीहरूले शुरु गरेको धर्ना पहिलो दिन १ घण्टा र सोमबारदेखि क्रमशः एक घण्टा थप हुँदै जाने बताएका छन् ।

# आइपुग्यो २५०० टन युरिया मल

**मधेशदृष्टि**
**वीरगंज ।**
साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको युरिया मल वीरगंज नाकामा आइपुगेको छ । २ हजार ५ सय टन युरिया बोकेर कोलकाता बन्दरगाहबाट हिँडेको एउटा रेल्वे ¥याक आइतबार बिहान वीरगंजको सीमावर्ती भारतीय शहर रक्सौल रेल्वे स्टेसन आइपुगेको हो ।
साल्ट ट्रेडिङले ग्लोबल टेन्डरबाट ३० हजार टन युरिया मल आयात गर्न लागेकामा सोही कन्साइन्मेन्टको पहिलो ¥याक आइपुगेको हो । साल्ट ट्रेडिङ प्रादेशिक कार्यालय वीरगंजका प्रमुख अमोज लामिछानेले सन इन्टरनेसनल कम्पनी आपूर्तिकर्ता रहेको यो कन्साइन्मेन्टअन्तर्गत थप २ हजार ५ सय टन युरिया बोकेको अर्को रेल्वे ¥याक भारतीय रेलमार्गमै रहेको बताए । रेल पनि एकदुई दिनभित्र आइपुग्नेछ ।
आपूर्तिकर्ता सन इन्टरनेसनलले चीनबाट मल ल्याएको हो । कुल ३० हजार टनमध्ये वीरगंज प्रादेशिक कार्यालयले १० हजार ५ सय, भैरहवा प्रादेशिक कार्यालयले ९ हजार ५ सय र विराटनर प्रादेशिक कार्यालयले ८ हजार ५ सय टन मल पाउनेछन् । वीरगंजको मल रक्सौल तथा सिर्सिया सुक्खा बन्दरगाहमा आउनेछ ।

# हावाहूरीलो पाँच करोडको इँटामा क्षति

**मधेशदृष्टि**
**रौतहट ।**
वैशाख १ गतेको हावाहूरी र असिनापानीले रौतहटमा झन्डै ५ करोडको काँचो इँटा कामै नलाग्ने भएको छ ।
म्यानमा पकाउन तयार पारेको इँटामा क्षति पुगेको हो । गतवर्ष चैत ९ गते असिनापानीमा पनि ४ करोड रुपैयाँको क्षति भएको थियो ।
पोल्न तयार पारेको इँटा कामै नलाग्ने भएपछि व्यवसायी मारमा परेका छन् ।
जिल्लाभर सञ्चालनमा रहेका ४२ इँटा उद्योगमा असिनापानीले क्षति पुगेको इँटा उत्पादक संघ रौतहटका सचिव मोहन साहले बताए । सचिव साहका अनुसार जिल्लाभरका ४२ इँटा उद्योगमा म्यानमा पोल्न राखेका झन्डै डेढ लाख काचो इँटामा असिनापानीले क्षति पुगेको छ । यसको मूल्य जोड्ने हो भने करिब ५ करोड पुग्ने उनले बताए ।

# बाबा बैजुनाथ सुगर मिलद्वारा किसानलाई कृषि यन्त्र

**आरके श्रीवास्तव**
**गरुडा ।**
रौतहटको कटहरिया नगरपालिकामा रहेको बाबा बैजुनाथ सुगर एण्ड केमिकल इण्डष्ट्रिजले नयाँ कृषि यन्त्र ल्याएको छ । किसानको सहजताका लागि नयाँ कृषि यन्त्रका रुपमा 'पावर विडर' भित्र्याएको हो । उखु खनजोत गर्न सहज होस् भन्ने उद्देश्यले तत्काल परीक्षणका रुपमा कृषि यन्त्र ल्याएको उखु महाप्रबन्धक सियाराम साहले जानकारी गराए ।



उनले भने, 'यो खासगरी उखु किसानले लगाएको मुरहन र खुट्टी गोडमेल गर्न सहज हुने आधुनिक कृषि यन्त्र हो ।
जसले काम पनि चाँडो हुने तथा श्रम पनि कम खर्च हुने भएकाले किसानका लागि यो अति उपयोगी हो । हातले जोत्न भएकाले यसबाट उखु जोत्न छिटो तथा सजिलो हुन्छ ।'
यसबाट ३ देखि ४ फिटसम्मको दूरीमा काम गर्न सकिन्छ । उखु जोत्न अन्य ठूला यन्त्र प्रयोग पनि गर्न सकिदैंन । यसमा कामदारकै आवश्यकता कम हुन्छ । तर यसको प्रयोगले हातबाट जोतेर घाँसपात निकाल्नुको साथै उखुमा माटो चढाउन पनि सहज हुने उनी बताउँछन् ।
साह भन्छन्, 'अहिले यो परीक्षणका रुपमा ल्याएका छौँ । यदि किसानले माग गरे मिलले सहुलियत दरमा उपलब्ध गराउनेछ ।'
किसानको आधुनिक कृषि यन्त्रप्रति दिनप्रतिदिन आकर्षण बढ्दै गएको मध्य नजर गर्दै 'पावर विडर' नामक कृषि यन्त्र ल्याइएको मिल सञ्चालक बैजु बाबराले बताए ।
गाउँघरमा खेतमा काम गर्ने कामदारको संख्या कमी हुन थालेको छ । यस अवस्थामा यो किसानको लागि धेरै फाइदाजनक हुने देखिन्छ । किसानलाई आधुनिक खेतीतर्फ आकर्षित गर्न बाबा बैजुनाथ सुगर एण्ड केमिकल इण्डष्ट्रिजले बेलाबेलामा यस्ता विभिन्न आधुनिक कृषि उपकरण उपलब्ध गराउँदै आएको छ । यस्ता औजारको प्रयोगले समय र श्रम दुवै कम हुने भएकाले किसान आकर्षित हुने अपेक्षा राखिएको छ ।

# कांग्रेसको विद्यार्थी विभागमा चौलागाईं

**मधेशदृष्टि**
**चपुर ।**
नेपाली कांग्रेस1 जिल्ला कार्यसमिति रौतहटले विद्यार्थी विभागको नेतृत्व श्यामहरि चौलागाईंलाई सुम्पिएको छ । पार्टी सभापति तथा मधेश प्रदेश सरकारका अर्थमन्त्री सुनिल कुमार यादवले औपचारिक पत्र जारी गर्दै चौलागाईंलाई विभाग प्रमुखमा मनोनयन गरेका हुन् ।
चौलागाईंलाई कांग्रेसको विधान २०७६ को दफा ४८ (७) अनुसार जिल्ला कार्यसमितिको विद्यार्थी विभाग संयोजक पदमा मनोनयन गरिएको बताइएको छ । सभापति यादवले आइतबार पत्र दिँदै चौलागाईंको संगठनप्रतिको योगदान, विद्यार्थी आन्दोलनमा सक्रियता र नेतृत्वदायी क्षमताको प्रशंसा गर्दै भनेका छन्, 'पार्टीले तपाईंको ऊर्जाशील र जुझारु भूमिकालाई मूल्याङ्कन गर्दै विद्यार्थी विभागको प्रमुख जिम्मेवारी सुम्पिएको छ । यो विभाग तपाईंको नेतृत्वमा सशक्त र परिणाममुखी बन्नेमा पूर्ण विश्वास छ । नेपाली कांग्रेसको विधान एवं नियमावलीको परिधिभित्र रही जिम्मेवारी पालन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।'
मनोनयनप्रति प्रतिक्रिया दिँदै चौलागाईंले जिम्मेवारीलाई अवसर होइन, चुनौती र कर्तव्यको रूपमा लिएको बताए । 'पार्टीको विश्वासलाई म कर्म र नतिजाबाट प्रमाणित गर्नेछु,' उनले भने, 'विद्यार्थीको हकहितका सवालमा संगठितरूपमा अगाडि बढ्नेछु ।' उनको मनोनयनप्रति जिल्लाभरका युवा विद्यार्थी तथा शुभेच्छुकले बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

# लिङ्देनसहित राप्रपाका सात नेता रिहा

**काठमाडौँ ।**
निषेधित क्षेत्रमा प्रदर्शन गरेको आरोपमा पक्राउ परेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनसहित सात नेतालाई प्रहरीले रिहा गरेको छ । सिंहदरबार र बानेश्वरस्थित निषेधित क्षेत्रमा प्रदर्शन गरेको आरोपमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको थियो । अध्यक्ष लिङ्देन, उपाध्यक्ष बुद्धिमान तामाङ, सांसद ज्ञानबहादुर शाही, युवा मोर्चाका अध्यक्ष कैलाश कटुवाललगायतलाई नियन्त्रणमा लिइ अहिले छाडिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।
उनले भने, 'निषेधित क्षेत्रमा प्रदर्शन गरेको आरोपमा अध्यक्ष लिङ्देनसहित सात जनालाई नियन्त्रणमा लिएका थियौँ । अहिले सबै जनालाई रिहा गरिएको छ ।'

# शिक्षकका माग पूरा गर्न जनमतको आग्रह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनमत पार्टीले आन्दोलनरत शिक्षकका न्यायोचित माग तत्काल पूरा गर्न सरकारसँग माग गरेको छ । पार्टीका प्रवक्ता डा. शरद सिंह यादवले आइतबार विज्ञप्ति जारी गर्दै तत्काल शिक्षा ऐन जारी गर्न सरकारसँग माग गरेका छन् ।
'नेपाल सरकारको शिक्षा नीति, ऐन, कानुन र शिक्षा क्षेत्रमा देखा परेका विकृति र अन्यौल अन्त्य गर्नुपर्ने आवश्यकता देखिन्छन्,' विज्ञप्तिमा डा. यादवले भनेका छन् । 'आन्दोलनरत शिक्षकहरूसँग नेपाल सरकारले तत्काल वार्ता गरी न्यायोचित मागहरू सम्बोधन गर्दै शिक्षा ऐन समेत जारी गर्न जनमत पार्टी नेपाल सरकारसँग माग गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन